# पञ्चवर्षीय शिक्षा क्षेत्र योजना

## आ.व. २०८१/८२ – २०८५/८६

लुम्बिनी साँस्कृतिक नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

महिलवार, लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

## नगर प्रमुखको मन्तव्य

नेपालको संविधानअनुसार संघीय लोकतान्त्रिक शासन प्रणाली लागू भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू सञ्चालनमा आएका छन्। संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रमा अधिकार सम्पन्न बनाएको छ । सोही अधिकार क्षेत्र भित्र रहि लुम्बिनी सांस्कृतिक नगरपालिकाले शिक्षा क्षेत्रमा विभिन्न योजना र कार्यक्रमको कार्यान्वयन अगाडि बढाइरहेको छ। संविधानले सुनिश्चित गरेका शिक्षासम्बन्धी हक–अधिकारहरूको कार्यान्वयन गर्न नगरपालिकाले विभिन्न नीतिगत सुधारका पक्षहरूलाई आत्मसात गर्दै आएको छ। यसै सन्दर्भमा, लुम्बिनी सांस्कृतिक नगरपालिकाले आगामी पाँच वर्षभित्र शिक्षा क्षेत्रलाई थप समृद्ध बनाउने उद्देश्यले 'लुम्बिनी सांस्कृतिक नगरपालिकाले नगर शिक्षा योजना २०८१/०८२ – २०८५/०८६' तयार पारेको छ। हालको शैक्षिक अवस्थालाई आधार मानी भविष्यको शैक्षिक रूपान्तरणका लक्ष्यहरू समेटिएको यस योजनाले सम्पूर्ण शैक्षिक संस्थाहरूको वस्तुगत विश्लेषण प्रस्तुत गर्नुका साथै दीर्घकालीन शैक्षिक रणनैतिक लक्ष्यहरूको मार्गचित्र पनि तय गर्नेछ ।

यस योजनामा लुम्बिनी सांस्कृतिक नगरपालिकाले शैक्षिक तथ्याङ्क, घरधुरी तथा जनसङ्ख्या विवरण, नगरपालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरू, माध्यमिक तथा आधारभूत तहका शैक्षिक सूचकहरूको विवरण, पालिकाको दिगो दृष्टिकोण, लक्ष्यहरू, उद्देश्यहरू, रणनीति तथा हालसम्मका शैक्षिक उपलब्धिहरूको समावेश गरिएको छ। यी सबै शैक्षिक विवरणहरूको आधारमा तथ्यगत लक्ष्य निर्धारण गरी योजनाका कार्यक्रमहरू तय गरिएको हो ।

यस योजना निर्माणको क्रममा अमूल्य सुझाव, सल्लाह तथा प्रेरणा प्रदान गर्ने लुम्बिनी सांस्कृतिक नगरपालिकाले उप प्रमुख श्री कल्पना हरिजन, प्रमुख प्रशासकीय अधिकृत श्री तारा ज्ञवाली, शिक्षा शाखा प्रमुख श्री हरि प्रसाद ज्ञवाली, शिक्षा अधिकृत श्री लक्ष्मी पराजुली,प्राविधिक सहायक श्री प्रमिला पछाई तथा नगरपालिकाका शिक्षा योजना तर्जुमा समितिका पदाधिकारी प्रति धन्यवाद व्यक्त गर्दछु । साथै योजनाको बाह्य प्राविधिक लेखाजोखा गरि योजनालाई कार्यान्वयन योग्य बनाउन योगदान पुर्याउने विज्ञहरूको योगदानको स्मरण गर्न चाहन्छु । त्यसैगरी, योजना लेखन कार्यको सुरुवातदेखि अन्तिम रूपसम्म निरन्तर सक्रिय भूमिका निर्वाह गर्नुहुने योजना लेखन कार्यमा सहयोग पुर्याउनुहुने प्रधानाध्यापकज्यूहरू तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तित्वहरू प्रति गहिरो आभार प्रकट गर्दछु ।

सजरूद्दीन मुसलमान
नगर प्रमुख

**नगर उपप्रमुखको मन्तव्य**

शिक्षा मानिसको नैसर्गिक अधिकार हो। नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) मा स्थानीय तहका लागि आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

यसै अधिकारको उपयोग गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीले गुणस्तरीय शैक्षिक सेवा विकास गर्ने उद्देश्यले पाँचवर्षे नगर शिक्षा योजना (२०८१/०८२ – २०८५/०८६) तर्जुमा गरेको हो। यस योजना शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता सहित निर्माण गरिएको हो। विद्यालय तहमा सञ्चालन भइरहेका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, तथा शिक्षासम्बन्धी विविध विषयहरू, शिक्षा प्रणालीको व्यवस्थापन र शिक्षामा सुशासन सुनिश्चित गर्ने पक्षहरूलाई समेत समेटेर यो योजना तयार पारिएको छ।

यस पाँचवर्षे योजना लुम्बिनी सांस्कृतिक नगरपालिकाले संविधान र कानुनले प्रदान गरेका अधिकारहरूको उपयोग गर्दै तयार पारेको हो। यद्यपि यो पहिलो लुम्बिनी सांस्कृतिक नगरपालिका शिक्षा क्षेत्र योजना भएकाले विगतका शैक्षिक पक्षहरूको समीक्षा गर्ने प्रयास गरिएको छ भने भविष्यका सुधार योजनाहरू, शिक्षासँग सम्बन्धित अन्य नीतिगत तथा प्राविधिक कार्यक्रमहरू र शैक्षिक तथ्यांकहरूको मार्गदर्शन स्वरूप लिइएको छ। नगर शिक्षा योजना निर्माणको चरणमा सहयोग पुऱ्याउने कार्यपालिका सदस्यहरू, नगर शिक्षा समिति पदाधिकारीहरू, योजना निर्माण समितिका पदाधिकारी, लेखन कार्यमा संलग्न सदस्यहरू, शिक्षा, युवा तथा खेलकुद शाखासँग सम्बन्धित व्यक्तित्वहरू तथा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा संलग्न सबै सरोकारवालाहरू प्रतिप्रति लुम्बिनी सांस्कृतिक नगरपालिका हार्दिक आभार प्रकट गर्दछ । यस पाँच वर्षे योजना सफलतापूर्वक कार्यान्वयन भई लुम्बिनी सांस्कृतिक नगरपालिकाको शिक्षा क्षेत्रमा गुणात्मक सुधार होस् भन्ने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कल्पना हरिजन
नगर उपप्रमुख

## प्रमुख प्रशासकिय अधिकृतको मन्तव्य

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई अवलम्बन गरेको छ। स्थानीय तहहरू जनताको नजिक रहेर सेवा प्रवाह गर्ने जनप्रतिनिधिबाट निर्वाचित सरकार हुन्। संविधानको अनुसूचीमा उल्लेख गरिएअनुसार स्थानीय तहलाई शिक्षा क्षेत्रमा समेत स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गरिएको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रप्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्यकेन्द्रित योजना बनाई कार्यान्वयन गर्न जोड दिएको छ। संविधान र अन्य कानुनी व्यवस्थाले तोकेअनुसारका जिम्मेवारीहरू वहन गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीले शिक्षाको क्षेत्रमा योजनाबद्ध ढंगले अघि बढ्न नगरको शिक्षा क्षेत्र योजना (२०८१/०८२ – २०८५/०८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा नगरपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ। साथै, यसले आगामी पाँच वर्षको लागि नगरपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गर्दै छ ।

यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहनेछ। यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्यबाट योजना सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास गरिएको छ। लुम्बिनी सांस्कृतिक नगरपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तर्जुमा गरेको यो पाँच वर्षे नगर शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछ । अन्त्यमा, यो शिक्षा योजना तर्जुमा कार्यमा सक्रिय सहयोग गर्ने नगर प्रमुख, नगर उपप्रमुख, सामाजिक विकास समितिका संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण लु.सा. नगरपालिकावासीप्रति हार्दिक आभार सहित योजना कार्यान्वयनमा पनि यसैगरी साथ, सहयोग र सुझावको निरन्तर अपेक्षा राख्दछौं । धन्यवाद ।

तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको मन्तव्य

नेपालको संविधान, प्रचलित ऐन, कानुन, नीति, कार्यविधि, निर्देशन तथा मापदण्डहरूको आधारमा शिक्षा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न कार्यहरू सञ्चालन हुँदै आएका छन्। संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख गरिएका शिक्षा सम्बन्धी विषयवस्तु र जिम्मेवारीहरू कार्यान्वयन गर्ने क्रममा अझै पनि केही नयाँ कानुनी संरचना र स्पष्ट मापदण्डको अभाव रहेको देखिन्छ । यद्यपि, संघ, प्रदेश र स्थानीय तहमा विद्यमान कानुन, नीति, कार्यविधि, निर्देशन तथा मापदण्डहरूको आधारमा शिक्षा क्षेत्रका गतिविधिहरू अगाडि बढाइएका छन् । नेपालले संघीय शासन प्रणाली अवलम्बन गरेपछि जनताले शिक्षा क्षेत्रमा स्थानीय सरकारबाट शीघ्र र प्रभावकारी सेवा पाउने अपेक्षा गरेका छन् ।

जनताको ती अपेक्षाहरू पूरा गर्न वित्तीय योजना बनाई प्राथमिकताको आधारमा शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु आजको आवश्यकता हो। जनप्रतिनिधिहरूले जनतासँग गरेका प्रतिवद्धता पूरा गर्नु, र संघ, प्रदेश तथा स्थानीय तहको समन्वयबाट शिक्षामा समृद्धि हासिल गर्नु आवश्यक छ। यी मूल मान्यताका आधारमा लुम्बिनी सांस्कृतिक नगरपालिकाले पाँच वर्षे शिक्षा योजना तर्जुमा गरेको हो। नगरपालिकाभित्रका विभिन्न आर्थिक, सामाजिक र भौगोलिक पृष्ठभूमि भएका बासिन्दाहरूको शिक्षाप्रतिको आवश्यकता फरक–फरक हुन सक्छ । तथापि गुणस्तरीय, प्राविधिक, रोजगारीसँग जोडिने, श्रम अनुकूल शिक्षा आजको समयको प्रमुख आवश्यकता हो । यसै अवधारणालाई आत्मसात गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले आफ्ना दायित्व वहन गर्दै दक्ष जनशक्ति निर्माण गर्ने उद्देश्यले यो पाँच वर्षे शिक्षा योजना तर्जुमा गरेको हो ।

योजना निर्माणको क्रममा हालको शैक्षिक अवस्थाको अध्ययन, विश्लेषण, शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको सुझाव, राय, सल्लाहलाई समेट्दै यो शिक्षा योजना तयार पारिएको हो । योजना निर्माणको चरणमा अमूल्य सुझाव, मार्गदर्शन र स्पष्टता प्रदान गर्ने लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख श्री सजरूद्धिन मुसलमान ज्यू, नगर उपप्रमुख कल्पना हरिजन ज्यू, प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवाली ज्यू, सामाजिक विकास समितिका संयोजक तथा शिक्षा योजना निर्माण समितिप्रति नगर शिक्षा युवा तथा खेलकुद शाखा हार्दिक आभार प्रकट गर्दछ । यसैगरी योजना लेखन कार्यको सुरुवातदेखि अन्तिम रूपसम्म सक्रिय भूमिका निर्वाह गर्नुहुने सहकर्मी लक्ष्मी पराजुली र प्रमिला पछाई लगायत सबै विद्यालयका प्र.अ तथा सहयोगीहरू लगायत सम्पूर्ण प्रत्यक्ष तथा अप्रत्यक्ष योगदानदाताहरू प्रति विशेष धन्यवाद व्यक्त गर्दछु । यो पाँच वर्षे नगर शिक्षा क्षेत्र योजनालाई शिक्षाको मूल दस्तावेजका रूपमा लिई, यसमा उल्लेखित कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्नुपर्नेछ भन्ने धारणा राखिएको छ । भविष्यमा योजना कार्यान्वयन, सुधार र परिमार्जनका लागि रचनात्मक, व्यावहारिक सुझाव, सल्लाह तथा मार्गदर्शनप्रति लुम्बिनी सांस्कृतिक नगरपालिका निरन्तर अपेक्षारत रहनेछ । धन्यवाद ।

हरिप्रसाद ज्ञवाली
उपसिचव
शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख

**विषयसूचीः**


| विषयसूची | पेज नं. |
|---|---|
| क) विषय प्रवेश | १-२ |
| ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | २ |
| ग) लुम्बिनी सांस्कृतिक नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्य | २-३ |
| घ) शिक्षा योजना निर्माणका आधारहरु | ३-४ |
| ङ)शिक्षा योजना निर्माण प्रक्रिया | ४ |
| च) योजनाको दस्तावेजको स्वरुप | ५ |
| छ) योजनाको सारांश | ५-८ |
| परिच्छेद १ परिचय | ९-२२ |
| १.१ पृष्ठभूमि | |
| १.२ वर्तमान अवस्था | |
| १.३ नगरपालिकाको मुख्य समस्था र चुनौतिको विश्लेषण | |
| परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण | २३-३३ |
| २.१ लु.सा.न.पा मा शिक्षा योजना निर्माणका आधारहरु | |
| २.२ नगरपालिकाको दीर्घकालीन सोच (Vision), ध्येय, उद्देश्य र रणनीतिहरू | |
| २.३ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य | |
| परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र | ३४-६३ |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | |
| ३.२ आधारभूत शिक्षा | |
| ३.३ माध्यमिक शिक्षा | |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | |
| ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | |
| परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र | ६४-९४ |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | |
| ४.३ शैक्षिक समता र समावेशीकरण | |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | |
| ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | |
| ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | |
| परिच्छेद ५ : अन्य उपक्षेत्र | ९५-९८ |
| ५.१ बुद्ध र बौद्ध शिक्षा | |
| परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन | ९९-१०६ |
| ६.१ सुशासन तथा व्यवस्थापन | |
| ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | |
| परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन | १०७-१११ |
| परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन | ११२-१३० |
| अनूसुचीहरू | |

**क) विषय प्रवेशः**

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखिएको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई समस्या भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक, जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ। साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।
दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय

तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई साकार पार्न लुम्बिनी साँस्कृतिक नगरपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्वन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध लुम्बिनी साँस्कृतिक नगरको रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई  दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सृजनशील,  सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ  । यस ऐनको दफा २४ (१)  मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाई उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै परिवेशमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी  पाँच वर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ ।

**ग) लुम्बिनी साँस्कृतिक नगरपालिकामा शिक्षा योजना निर्माणको औचित्यः**

१. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता,  विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह,  समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच  सम्बोधन गर्न

२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको ससम्मान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न

३.विद्यालय भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने र सिकाई पश्चात् शैक्षिक सीपको उद्देश्य पूरा गर्न

४. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाईमा सुधार ल्याउन

५. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न

६. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

७. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

९. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

१०. नगरपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरी समस्या समाधानका उपायहरु कार्यान्वियन गर्न,

**घ) शिक्षा योजना निर्माणका आधारहरुः**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान २०७२

ख) १६ औँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाई आपुरण तथा दुरत सिकाई योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

ढ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू

ण) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)

**ङ) शिक्षा योजना निर्माण प्रक्रियाः**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुयाई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. नगर शिक्षा समितिको मिति २०८१/०५/१८ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ७ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

२. कार्यदलको मिति २०८१/०६/०२ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको।

३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।

४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।

५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा gap analysis गरिएको ।

६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।

७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको

८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।

९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको

१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।

११. नगर कार्यपालिकाको मिति २०८२-०६-७ गतेको बैठकबाट स्वीकृत गरिएको ।

**च) योजनाको दस्तावेजको स्वरुपः**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको आगामी पञ्चबर्षीय शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा योजनाको दस्तावेजको स्वरुप यहाँ उल्लेख गरिएको छ ।

परिच्छेद १: परिचय

परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

परिच्छेद ५: अन्य उपक्षेत्र

परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ८: अनुगमन तथा मूल्यांकन

**छ) योजनाको सारांश**

कुनै पनि योजना उपलब्ध साधन र स्रोतको अधिकतम् उपयोग गरी पूर्वनिर्धारित समय सीमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले निर्माण गरिन्छ । नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । नेपाल सङ्घीयतामा प्रवेश गरेसँगै हाल योजनालाई माथिल्लो तह (संघ र प्रदेश) बाट गरिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहाँका सरोकारवालाहरूको सक्रिय सहभागीतामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीय स्तरको योजना बनाई क्रमश: ती स्थानीय स्तरमा तयार गरिएका योजनाहरूलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धति (Bottom-up Planning) स्थापित गर्ने प्रयास हुँदै आएको पाइन्छ । शैक्षिक विकासको सन्दर्भमा नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ। यस संविधानले शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र नि:शुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने

बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि शिक्षालगायत बालबालिकासम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सम्पादन गर्ने गरी २३ वटा अधिकारहरू प्रदान गरेको छ।

सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास का १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपतविपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहीनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी घटाई गतिशीलता प्रदान गर्नुपर्ने आवश्यकता पनि रहेको छ।

उल्लेखित सन्दर्भले नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी कुनै पनि योजना उपलब्ध साधन र स्रोतको अधिकतम् उपयोग गरी पूर्वनिर्धारित समय सीमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले निर्माण गरिन्छ । नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । नेपाल सङ्घीयतामा प्रवेश गरेसँगै हाल योजनालाई माथिल्लो तह (संघ र प्रदेश) बाट गरिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहाँका सरोकारवालाहरूको सक्रिय सहभागीतामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीय स्तरको योजना बनाई क्रमश: ती स्थानीय स्तरमा तयार गरिएका योजनाहरूलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धति (Bottom-up Planning) स्थापित गर्ने प्रयास हुँदै आएको पाइन्छ । शैक्षिक विकासको सन्दर्भमा नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ। यस संविधानले शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने

बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि शिक्षालगायत बालबालिकासम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सम्पादन गर्ने गरी २३ वटा अधिकारहरू प्रदान गरेको छ।

सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास का १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपतविपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो

महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहीनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी घटाई गतिशीलता प्रदान गर्नुपर्ने आवश्यकता पनि रहेको छ।
उल्लेखित सन्दर्भले नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी लुम्बिनी सांस्कृतिक नगरपालिकाले यो नगर शिक्षा योजना आगामी ५ वर्षको शिक्षा विकासको दृष्टिकोणसहित आ.व २०८१/८२ - २०८५/८६ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ। यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन साथै विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ । यो योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सोह्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, शिक्षा ऐन र शिक्षा सम्बद्ध विभिन्न आयोगका प्रतिवेदनहरू समेतलाई आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा विपन्न र सिमान्तकृत वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अलगअलग सवालमा पाँच वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरी प्रस्तुत गरिएको छ ।

यस योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नगरसभा, कार्यपालिका अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक सङ्घ/संस्थाहरूको बलियो प्रतिबद्धताका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ। यस योजनाले समेट्न नसकेका विषय एवम् कमजोरीहरू औंल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक तथा वस्तुपरक ढङ्गबाट कार्यान्वयन योग्य बनाउन अमूल्य सुझाव र रचनात्मक सहयोगको अपेक्षा समेत गरिन्छ।
लुम्बिनी सांस्कृतिक नगरपालिकाले यो नगर शिक्षा योजना आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित आ.व २०८१/८२ - ०८५/८६ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ। यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन साथै विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ । यो योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सोह्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, शिक्षा ऐन र शिक्षा सम्बद्ध विभिन्न आयोगका प्रतिवेदनहरू समेतलाई आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा विपन्न र सिमान्तकृत वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अलगअलग सवालमा पाँच वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरी प्रस्तुत गरिएको छ ।

यस योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नगरसभा, कार्यपालिका अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक सङ्घ/संस्थाहरूको बलियो प्रतिबद्धताका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ। यस योजनाले

समेट्न नसकेका विषय एवम् कमजोरीहरू औल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक तथा वस्तुपरक ढङ्गबाट कार्यान्वयन योग्य बनाउन अमूल्य सुझाव र रचनात्मक सहयोगको अपेक्षा समेत गरिन्छ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धि पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षा को विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई साकार पार्न लुम्बिनी साँस्कृतिक नगरपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्वन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ ।

यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरपालिकाको (शुद्ध, बुद्ध, ऋषि मन, समृद्ध नगर सुखी नगरबासी हाम्रो अभियान) रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

## १.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकिय क्षेत्र हो । सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो । करीब ११२.२१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा गाउँपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई गाउँपालिका र भारत र पूर्वमा कोटहीमाई र मायादेवी गाउँपालिका रहेका छन् । लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैशाख १५ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरेको थियो। मिति २०७३ फाल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका वडाहरु २१ वडाहरुलाई घटाएर १३ वडाहरु कायम गरिएको छ । यस नगरपालिकामा १५ वटा माध्यामिक तह,  वटा आधारभूत तह ८५ र अन्य २ गरी जम्मा १०२ वटा शिक्षण संस्थाहरु संचालित छन् । रुपन्देही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ । यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरित नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तीहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल जनसंख्या ८७,३८३ रहेका छन् जस मध्ये सबैभन्दा बढी मुसलमान जाति २९,४६१ जना (३३.७ %), दोस्रोमा यादव ११,६४८ (१३.३%) र तेस्रोमा लोध ७०९५ (८.१%) हरुको बसोबास रहेको छ । यस नगरपालिकामा १३ वडाहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केहि मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी नगरपालिकाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । लामो समय सम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न

समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिसमस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

क) **जनसंख्याको विवरण**

कुनै पनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा नगरस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको जनसंख्या ८७,३८३ रहेको छ जसमध्ये पुरुष ४९.४ प्रतिशत (४३,१६४ जना)  महिला ५०.६ प्रतिशत (४४,२१९ जना) रहेका छन् । यस नगरपालिकामा पुरुषको तुलनामा महिला १.२ प्रतिशतले बढी रहेको पाइन्छ । सोही अनुसार लैंगिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९७.६१ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७७९ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५५.६७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३६.०३ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.२९ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकामा १३,६२१ घरपरिवार रहेका छन् । यस नगरपालिकामा प्रति परिवार औषत ६.४१ जना सदस्य रहेको देखिन्छ

## जनसंख्याको विवरण

| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ८७३८३ |
| पुरुष | ४३,१६४ (४९.४ प्रतिशत) |
| महिला | ४४,२१९ (५०.६ प्रतिशत) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९७.६१ |
| जम्मा घरधुरी | १३६२१ |
| औषत परिवार आकार | ६.४२ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७७९ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ७१.१०% |

### वडागत जनसंख्याको विवरण

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरूष प्रतिशत | महिला प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | २९८४ | ३०२१ | ६००५ | ६.९ | ६.८ | ६.९ |
| २ | ३८१० | ३७०८ | ७५१८ | ८.८ | ८.४ | ८.६ |
| ३ | २५८६ | २७३५ | ५३२१ | ६. | ६.२ | ६.१ |
| ४ | ३३२४ | ३३८६ | ६७१० | ७.७ | ७.७ | ७.७ |
| ५ | २९९४ | ३२९२ | ६२८६ | ६.९ | ७.४ | ७.२ |
| ६ | ३८५८ | ४०९७ | ७९५५ | ८.९ | ९.३ | ९.१ |
| ७ | २८६९ | २८३१ | ५७०० | ६.६ | ६.४ | ६.५ |
| ८ | २१२२ | २२२२ | ४३४४ | ४.९ | ५. | ५. |
| ९ | ३१२४ | ३१७३ | ६२९७ | ७.२ | ७.२ | ७.२ |
| १० | ४२४४ | ४११२ | ८३५६ | ९.८ | ९.३ | ९.६ |
| ११ | ४९०२ | ५२०५ | १०१०७ | ११.४ | ११.८ | ११.६ |
| १२ | ३७८३ | ३७०४ | ७४८७ | ८.८ | ८.४ | ८.६ |
| १३ | २५६४ | २७३३ | ५२९७ | ५.९ | ६.२ | ६.१ |
| जम्मा | ४३१६४ | ४४२१९ | ८७३८३ | ४९.४ | ५०.६ | १०० |

**ख) जातजातिको आधारमा जनसंख्याको विवरण**

| जातजाती | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|
| क्षेत्री | २९३ | ३०१ | ५९४ | ०.६८ | ०.६८ | ०.६८ |
| ब्राम्हण पहाड | १८४ | १६४ | ३४८ | ०.४३ | ०.३७ | ०.४० |
| मगर | ५३ | ४३ | ९६ | ०.१२ | ०.१० | ०.११ |
| थारू | ५१२ | ५५४ | १०६६ | १.१९ | १.२५ | १.२२ |
| तामाङ् | १५ | १३ | २८ | ०.०३ | ०.०३ | ०.०३ |
| नेवार | ३८ | ३७ | ७५ | ०.०९ | ०.०८ | ०.०९ |
| विश्वकर्मा | ६९ | ६० | १२९ | ०.१६ | ०.१४ | ०.१५ |
| मुसलमान | १४०८६ | १५३७५ | २९४६१ | ३२.६३ | ३४.७७ | ३३.७१ |
| यादव | ५८४६ | ५८०२ | ११६४८ | १३.५४ | १३.१२ | १३.३३ |
| गुरूङ | २६ | २९ | ५५ | ०.०६ | ०.०७ | ०.०६ |
| परियार | ३० | २९ | ५९ | ०.०७ | ०.०७ | ०.०७ |
| ठकुरी | ४० | ४७ | ८७ | ०.०९ | ०.११ | ०.१० |
| मिजार | ९ | ७ | १६ | ०.०२ | ०.०२ | ०.०२ |
| तेली | १२१५ | १२१७ | २४३२ | २.८१ | २.७५ | २.७८ |
| चमार हरिजन राम | २६८७ | २७४७ | ५४३४ | ६.२३ | ६.२१ | ६.२२ |
| कोईरी कुशहवा | ४५७ | ४२१ | ८७८ | १.०६ | ०.९५ | १.०० |
| कुर्मी | १५६८ | १४४७ | ३०१५ | ३.६३ | ३.२७ | ३.४५ |
| सन्यासी, दशनामी | ८३ | ६७ | १५० | ०.१९ | ०.१५ | ०.१७ |
| दुशाद, पासवान, पासी | ९६२ | ९८८ | १९५० | २.२३ | २.२३ | २.२३ |
| मल्लाह | ११७७ | ११९२ | २३६९ | २.७३ | २.७० | २.७१ |
| केवट | ५९२ | ६२१ | १२१३ | १.३७ | १.४० | १.३९ |
| काठबानीया | १८० | १४५ | ३२५ | ०.४२ | ०.३३ | ०.३७ |
| ब्राम्हण तराइ | १३११ | १२५१ | २५६२ | ३.०४ | २.८३ | २.९३ |
| कलवार | ५९३ | ५४१ | ११३४ | १.३७ | १.२२ | १.३० |
| कानु | १७१ | १५७ | ३२८ | ०.४० | ०.३६ | ०.३८ |
| कुमाल | ६१ | ४३ | १०४ | ०.१४ | ०.१० | ०.१२ |
| घर्ती, भुजेल | १७ | १६ | ३३ | ०.०४ | ०.०४ | ०.०४ |
| हजाम, ठाकुर | ३७६ | ३५६ | ७३२ | ०.८७ | ०.८१ | ०.८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धोबी | ८९६ | ८८३ | १७७९ | २.०८ | २.०० | २.०४ |
| लोहार | ६५२ | ६१५ | १२६७ | १.५१ | १.३९ | १.४५ |
| हलुवाइ | ६५ | ७८ | १४३ | ०.१५ | ०.१८ | ०.१६ |
| बरइ | ४५८ | ४४० | ८९८ | १.०६ | १.०० | १.०३ |
| नुनिया | २४१ | २४३ | ४८४ | ०.५६ | ०.५५ | ०.५५ |
| सोनार | १६१ | १४१ | ३०२ | ०.३७ | ०.३२ | ०.३५ |
| कमहार | ७०४ | ७२६ | १४३० | १.६३ | १.६४ | १.६४ |
| सुनुवार | १६२९ | १६८० | ३३०९ | ३.७७ | ३.८० | ३.७९ |
| कहार | १० | ५ | १५ | ०.०२ | ०.०१ | ०.०२ |
| कायश्थ | ११६ | ९३ | २०९ | ०.२७ | ०.२१ | ०.२४ |
| राजपुत | ३३ | २५ | ५८ | ०.०८ | ०.०६ | ०.०७ |
| बाधी | १० | ११ | २१ | ०.०२ | ०.०२ | ०.०२ |
| ओराओन, कुदुख | ९४ | १०१ | १९५ | ०.२२ | ०.२३ | ०.२२ |
| लोध | ३५९० | ३५०५ | ७०९५ | ८.३२ | ७.९३ | ८.१२ |
| बधाइ, बाधी | १६४ | १६२ | ३२६ | ०.३८ | ०.३७ | ०.३७ |
| गडेरी, भेडियार | १११ | १०४ | २१५ | ०.२६ | ०.२४ | ०.२५ |
| माली | ११६ | १२८ | २४४ | ०.२७ | ०.२९ | ०.२८ |
| धुनिया | ३२२ | ३६२ | ६८४ | ०.७५ | ०.८२ | ०.७८ |
| कोरी | १९ | १४ | ३३ | ०.०४ | ०.०३ | ०.०४ |
| राजभर | १०७ | १११ | २१८ | ०.२५ | ०.२५ | ०.२५ |
| पत्थरकट्टा | २३ | १९ | ४२ | ०.०५ | ०.०४ | ०.०५ |
| नतुवा | ६२ | ५६ | ११८ | ०.१४ | ०.१३ | ०.१४ |
| धरिकार | २२ | २२ | ४४ | ०.०५ | ०.०५ | ०.०५ |
| ढाडी | १२३ | १२३ | २४६ | ०.२८ | ०.२८ | ०.२८ |
| रानाथारू | ७ | ४ | ११ | ०.०२ | ०.०१ | ०.०१ |
| बानिया | ५९३ | ५५९ | ११५२ | १.३७ | १.२६ | १.३२ |
| गोन्ड | ४२ | ३३ | ७५ | ०.१० | ०.०७ | ०.०९ |
| खातिक | २१ | ३० | ५१ | ०.०५ | ०.०७ | ०.०६ |
| अन्य | २७ | २७ | ५४ | ०.०६ | ०.०६ | ०.०६ |
| विदेशी नागरिक | ४६ | १९८ | २४४ | ०.११ | ०.४५ | ०.२८ |
| नखुलाइएको | ४९ | ५१ | १०० | ०.११ | ०.१२ | ०.११ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

### ग) अपाङ्गताको आधारमा जनसंख्या विवरण

| उमेर समूह | जम्मा जनसंख्या | अपाङ्गताका प्रकार | | | | | | | | | | | नखुलाइएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यूनश्रवणशक्ति | बहिरोपन एवं दृष्टिविहीन | बेलाइ समस्या | मानसिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | अटिजम् | बहुअपाङ्गता | |
| ० देखि ०४ वर्ष | ९८८६ | ३२ | ४ | २९ | २ | २ | १ | ३ | १ | ० | ३ | १ | ८ | १ |
| ०५ देखि ०९ वर्ष | १०८०१ | ३७ | ६ | २० | ४ | ४ | ० | १० | ४ | १ | ० | १ | ७ | १ |
| १० देखि १४ वर्ष | १०८०० | २२ | १ | ११ | ४ | ० | १ | १२ | ६ | ४ | ० | १ | १० | ० |
| १५ देखि १९ | १००५७ | ४० | ० | ८ | ४ | २ | ० | ११ | ११ | ११ | ० | १ | ७ | ० |
| २० देखि २४ | ८२४६ | ३२ | ४ | २ | १ | ० | १ | ९ | १० | ६ | १ | ० | ४ | ० |
| २५ देखि | ६७६९ | २२ | १ | ४ | १ | १ | ० | १२ | ४ | २ | २ | ० | ५ | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | | | | | | | | | | | | | | |
| ३० देखि ३४ | ५५६० | २५ | १ | १ | ० | १ | १ | ६ | ६ | २ | २ | २ | २ | ० |
| ३५ देखि ३९ | ५४९९ | २३ | १४ | १ | ० | २ | ० | ५ | ९ | ० | १ | १ | ६ | ० |
| ४० देखि ४४ | ४१०८ | २५ | ११ | २ | १ | ३ | ० | ३ | ३ | ० | ३ | ० | ४ | ० |
| ४५ देखि ४९ | ३१७६ | १८ | १४ | ० | १ | २ | १ | ३ | १ | ० | १ | ० | ३ | ० |
| ५० देखि ५४ | ३००३ | २४ | ३२ | ३ | ० | १ | ० | ३ | ४ | १ | १ | ० | ४ | ० |
| ५५ देखि ५९ | २२३१ | २३ | ४१ | १ | ३ | ७ | ३ | ० | २ | ० | १ | ० | १ | ० |
| ६० देखि ६४ | २११७ | २४ | ४६ | १ | ६ | ६ | २ | ३ | २ | ० | ० | १ | ५ | ० |
| ६५ देखि ६९ | २२२१ | २२ | ८९ | ३ | ८ | ७ | ० | १ | ३ | ० | १ | ० | २ | ० |
| ७० देखि ७४ | १६०२ | २६ | ८६ | ४ | १३ | ९ | ३ | ५ | ३ | ० | ० | ० | ४ | ० |
| ७५ | १३ | २५ | ६९ | ५ | १६ | ७ | ३ | २ | ३ | ० | ० | १ | ६ | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भन्दामाथि | ०७ | | | | | | | | | | | | | |
| **जम्मा** | ८७३८३ | ४२० | ४१९ | ९५ | ६४ | ५४ | १६ | ८८ | ७२ | २७ | १६ | ९ | ७८ | २ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

### घ) साक्षरताको अधारमा जनसंख्याको विवरण

| उमेर | जम्मा | जनसंख्या जसले | | | नखुलाइएको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| ०५ वर्ष | २४८२ | १८६१ | ५१ | ५२५ | ४५ |
| ०६ वर्ष | २३१७ | १८५० | ८२ | ३७५ | १० |
| ०७ वर्ष | १८७० | १६३८ | ५८ | १७१ | ३ |
| ०८ वर्ष | २६६६ | २३९३ | ६३ | २०६ | ४ |
| ०९ वर्ष | १४६६ | १३६९ | २३ | ७३ | १ |
| १० वर्ष | २८७७ | २७३९ | १२ | १२४ | २ |
| ११ वर्ष | १२४१ | ११९६ | ८ | ३७ | ० |
| १२ वर्ष | २७६९ | २६५३ | ३ | ११२ | १ |
| १३ वर्ष | १७१९ | १६५३ | ३ | ६२ | १ |
| १४ वर्ष | २१९४ | २०९२ | ३ | ९९ | ० |
| १५ वर्ष | २०७० | १९५५ | ० | ११४ | १ |
| १६ - १९ वर्ष | ७९८७ | ७३८३ | २ | ६०१ | १ |
| २० - २४ वर्ष | ८२४६ | ७१४१ | ८ | १०९५ | २ |
| २५ - २९ वर्ष | ६७६९ | ५१४२ | ९ | १६१३ | ५ |
| ३० - ३४ वर्ष | ५५६० | ३६१८ | ९ | १९३१ | २ |
| ३५ - ३९ वर्ष | ५४९९ | ३०५९ | १२ | २४२७ | १ |
| ४० - ४४ वर्ष | ४१०८ | २०९६ | ९ | १९९९ | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ - ४९ वर्ष | ३१७६ | १४४८ | ८ | १७१९ | १ |
| ५० - ५४ वर्ष | ३००३ | १२०४ | ७ | १७९२ | ० |
| ५५ - ५९ वर्ष | २२३१ | ८१५ | ४ | १४१२ | ० |
| ६०- ६४ वर्ष | २११७ | ६०२ | ३ | १५१० | २ |
| ६५ - ६९ वर्ष | २२२१ | ६४८ | ४ | १५६९ | ० |
| ७० - ७४ वर्ष | १६०२ | ३६३ | ५ | १२३३ | १ |
| ७५+ वर्ष | १३०७ | २१५ | ५ | १०८७ | ० |
| **जम्मा** | ७७४९७ | ५५१३३ | ३९१ | २१८८६ | ८७ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

**शैक्षिक संस्थाको विबरण**

| | सामुदायिक | धार्मिक | सा.सि.के | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| बाल विकास केन्द्र | ५४ | २३ | ५ | ३० | ११२ |
| आधारभूत तह १-५सञ्चालित | १० | ३१ | ० | १४ | ५५ |
| आधारभूत तह १-८ सञ्चालित | १३ | ४ | ० | ११ | ३८ |
| माध्यमिक तह १-१० सञ्चालित | २ | ३ | ० | ५ | १० |
| माध्यमिक तह १-१२ सञ्चालित | ७ | ० | ० | ० | ७ |
| सामुदायिक सिकाइ केन्द्र | ८ | ० | | ० | ८ |

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय ३२ संस्थागत विद्यालय ३० र धार्मिक विद्यालय ३८ गरी जम्मा १०० विद्यालय रहेका छन् । बालविकास केन्द्र ११२ र सामुदायिक सिकाइकेन्द्र ८ वटा रहेका छन् ।

**तह अनुसार विद्यालय गइरहेका वालवालिकाहरूको संख्या २०८१**

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक | १७३५ | ५९३८ | ४२९० | १७८७ |
| संस्थागत | १३७४ | २०३५ | ६५८ | १७७ |
| धार्मिक | २५६८ | ५२२१ | १२९२ | १९१ |
| जम्मा | ५६७७ | १३१९४ | ६२४० | २१५५ |

स्रोतः IEMIS २०८१

२०८१ मा बालविकास तर्फ ५६७७ कक्षा १- ५मा १३१९४, कक्षा ६- ८ मा ६२४०, र कक्षा ०९-१२ मा जम्मा २१५५ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या २७२६६ रहेको छ । माध्यमिक तहको कक्षा ११ मा विद्यार्थी ढिलोभर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी संख्या कम देखिएको छ ।

**शिक्षक विबरण**

| क्रसं | तह | स्वीकृत दरवन्दी | राहत अनुदान | नगर स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|
| १ | वाविके | ८२ | ० | २० | १०२ |
| २ | प्राथमिक | ११४ | ५६ | १७ | १८७ |
| ३ | निम्नमाध्यमिक | १२ | १८ | ० | ३० |
| ४ | माध्यमिक | ९ | १४ | ० | २३ |
| ५ | साविक उमातह | ० | ६ | ० | ६ |
| ६ | प्राविधिक धारतर्फ | १६ | ० | ० | १६ |
| | कुल जम्मा | २३३ | ९४ | ३७ | ३६४ |

## १.३ नगरपालिकाको मुख्य समस्था तथा चुनौतिको विश्लेषण

**क) शैक्षिक समस्याहरू**

लुम्बिनी साँस्कृतिक नगरपालिकाकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र नगरपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु
३. आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु
४. शैक्षिक सुशासन कायम हुन नसक्नु उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुननसक्नु ।
५. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु
६. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावको रोजाइमा पर्नु
७. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणा कमी जसले गर्दा शिक्षण पेशा रोजाइको पेशा हुन सकेको छैन शिक्षकहरूको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल राखिनु ।
८. विद्यालयको भौतिक अबस्था सन्तोषजनक छ यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तार तीर ध्यान दिनु
९. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझैपनि नगरपालिकामा अभाव रहुनु प्राथमिक तहका शिक्षकहरूको संख्या बढी देखिएको भएतापनि निमावि र माविमा अभाव हुनु ।
१०. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु ।
११. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु ।
१२. सबै माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव हुनु।
१३. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।
१४. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

१५. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण प्राय: शुन्य हुनु ।
१६. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ।
१७. संघीय शिक्षा ऐन जारी नहुनु ।

**ख) शैक्षिक समस्याका कारणहरू:**

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, नगरपालिकाका ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरु विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ।
२. अभिभावकहरुमा चेतनाको कमी,विद्यालयहरुको व्यवस्थापकीय पक्ष कमजोर हुनु
३. विपन्न समुदायका बालबालिकाहरु ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि नियमित उपस्थिति हुने गरेका छैनन् । अभिभावकहरु दैनिक ज्यालादारीमा काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केहि बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।
४. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।
५. सामुदायिक विद्यालयमा सिकाई उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन।
६. शिक्षकलाइ शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाइ पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।
७. पूवाधारको विकासलाइ मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु,गुणस्तरको विकासलाइ चासो दिएको पाइदैन ।
८. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।
९. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु
१०. संघीय सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाई अनुदान कम हुनु, नगर शिक्षण सिकाई अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिकासँग स्रोतको अभाव हुनु
११. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणाको कमीले शिक्षकहरूको पेशागत विकास तालिम भए पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा प्रयोग हुन सकेको छैन ।
१२. पारिवारिक आर्थिक अवस्थाका कारणले सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाई विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाईमा क्षती हुन पुगेको छ ।
१३. शिक्षक विद्यार्थी निर्मित सिकाई सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

१४. सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभावका कारण शिक्षकलाई प्रविधिमैत्री तालिम संचालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी रहेको छ ।
१५. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने भएपनि भौतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका योजनामा काम गर्ने क्षमता नहुनु ।
१६. स्थानीय तहमा अनुगमन, मूल्यांकन र पृष्ठपोषण तथा शिक्षक सहायता कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।
१७. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको प्रयोग पर्याप्त मात्रामा नभएको ।
१८. निरन्तर विद्यार्थी मूल्यांकनको प्रभावकारी कार्यान्वयन नहुनु ।
१९. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएकाे छैन ।
२०. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।
२१. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता देखिएको छ ।

**ग) शैक्षिक चुनौतिहरू**

१. न्युन विद्यार्थी र न्युन शिक्षक बाट विद्यालय सञ्चालन गर्नु ,
२. उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,
३. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,
४. शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,
५. शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु,
६. कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धि प्राप्ती, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु ,
७. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु
८. सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवाला हरूबिच अपनत्व सिर्जना गर्नु ,
९. सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,
१०. शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ,शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ,

११. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नुपनि शिक्षा क्षेत्रका चुनौतिहरू हुन ।

१२. नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने,

१३. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन

१४. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निसुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्न

१५. सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्न,

१६. विद्यालय शिक्षालाई प्रकोप शंकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन,

१७. बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न,

१८. बालबालिकाहरूको पोषण विद्यालय दिवा खाजालगायत सरसफाई तथा स्वच्छता आधारभुत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न,

१९. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन,

२०. विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न,

२१. साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइ को अवसरमा वृद्धि गर्न

२२. विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न

**ग) अवसरहरू**

१. बालबालिकाहरूको शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी निःशुल्क र अनिवार्य भएको,
२. आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु,
३. समावेशी सहभागितामा वृद्धि हुनु,
४. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
५. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो , सहभागिता र जिम्मेवार हुनु,
६. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु,
७. राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्देश गरे अनुसारको कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रम लागु गर्ने तयारी भएको,
८. शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,
९. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु

परिच्छेद २

# दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ लुम्बिनी साँस्कृतिक नगरपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

नेपालको संविधानबमोजिम तीनतहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ। संविधानले तीन तह बिच समन्वय सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीयशिक्षा सम्बन्धि एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच का लागि नीति तथा योजनाको आवश्यकता पर्दछ। शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा ,खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीतिनिर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्यांकन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको उल्लेख गरेको छ । सामुदायिक, संस्थागत गुठी र सहकारीका विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ । गाभिएका, बन्द गरिएका विद्यालयहरूको सम्पती व्यवस्थापन गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पति अभिलेख, संरक्षण र व्यवस्थापन विद्यालयको गुणस्तर अभिबृद्धि तथा सामग्री पाठ्य सामग्रीको वितरण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेकोछ । त्यसैगरी विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण ,मर्मत सम्भार सञ्चालन र व्यवस्थापन आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन ,विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन मिसिनका शिक्षा विद्यार्थी प्रोत्साहन तथा छात्रवृद्धि व्यवस्थापन र ट्युसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवा अनुमति र नियमनका कार्यहरू समेत स्थानीय तहको कार्य क्षेत्र भित्र रहेको छ । यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा ब्यबस्थापन माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन आय ब्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन शिक्षण सिकाइ शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन कार्यहरू स्थानीय तहको रहेको देखिन्छ ।

नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धि प्रतिवद्धता, दिगो बिकासका लक्ष्य सन् २०३०सम्म मध्यम आए भएको राष्ट्रको रूपमा स्तरोन्नती हुने लक्ष्य लिएको छ । ५बर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP2073-78) समाप्त भईसकेको छ । यस सन्दर्भमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2079-2088) कार्यान्वयनमा ल्याएके छ ।

मुलकु संघीय संरचनामा गईसके पछि बदलिँदो राजनीतिक परिवेश ,नेपालको संविधानले प्रत्यभुत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्धेश्यहरू समेतको प्राप्तिकाका लागि योजना अपरीहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मूलभुत पक्ष स्थानिय सरकार सन्चालन ऐन २०७४ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकार हरू समेतको प्रभावकारी कार्यान्वयनका गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता र सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ । यस अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन् त्यसैले लुम्बिनी साँस्कृतिक नगरपालिकाकाले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपशिलमा उल्लेख गरे अनुसारका अधारमा पाँच वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

१. स्थानीय आवश्यकताहरूको पहिचानः  समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो । यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतिहरू पहिचान गर्न सहज भएको छ ।

२. स्रोत र पूर्वाधारको मूल्याङ्कनः  विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ ।

३. समावेशी शिक्षाः  महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ ।

४. नीतिगत निर्देशनः नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८), लुम्बिनी साँस्कृतिक नगरपालिकाकाको आवधिक योजना, सिकाई आपूरण तथा द्रुत सिकाई योजना र अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी तिनलाई योजना निर्माणमा समावेश गरियो ।

५. गुणस्तरीय शिक्षा प्रवर्धन ः  गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न पाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाई, बालमैत्री शिक्षण सिकाई विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाईयो ।

६. सहकार्य र साझेदारीः तीनवटै तहका सरकार (संघ, प्रदेश र स्थानीय) का विचमा आपसी समन्वय, शिक्षामा सुधार गर्न स्थानीय संघसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखीएको ।

७. दिगो विकास लक्ष्यहरू (SDGs): विशेष गरी चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) लाई ध्यानमा राखिएको, जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ ।

८. पूर्व अनुभव र उपलब्धिः  नगरपालिकाको विगतका शिक्षासम्बन्धि क्रियाकलापहरुको े समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको ।

### २.२ नगरपालिकाको दीर्घकालीन सोच (Vision), ध्येय, उद्देश्य र रणनीतिहरू

## २.२.१ परिचय

दीर्घकालीन सोंच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएका हुन्छन । नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ । सोह्रौँ योजनामा समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकका रूपमा दीर्घकालीन सोच उल्लेख रहेको छ भने शिक्षा नीति २०७६ मा शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" उल्लेख छ । विद्यालय शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोचलाई **"आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने"** तय गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाकाको आवधिक योजनामा समेत **" समतामुलक अनिवार्य एवं गुणस्तरिय शिक्षाका माध्यमबाट सामाजिक रुपान्तरण, बिकासर सदभावपूर्ण समाज निर्माणका लागि योगदान दिनसक्ने स्वरोजगार उन्मुख तथा राष्ट्रिय नागरिक तयार गर्ने "** भनी लुम्बिनी साँस्कृतिक नगरपालिकाको दीर्घकालीन सोच निर्धारण भएको छ ।

माथि उल्लेखित दीर्घकालिक सोच ( Vision) विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोचलाई पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणमा परिच्छेद १ मा उल्लेख गरिएका नगरपालिका भित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौति तथा अवसर र सम्भावनाहरूलाई समेत मध्य नजर गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाका यस पञ्चबर्षीय शिक्षा क्षेत्र योजनाले समेत निम्न अनुसारको दीर्घकालिन सोच र गन्तव्य तय गरेको छ ।

## २.२.२.दीर्घकालीन सोच

समतामुलक अनिवार्य एवं गुणस्तरिय शिक्षाका माध्यमबाट सामाजिक रुपान्तरण, बिकास र सदभावपूर्ण समाज निर्माणका लागी योगदान दिनसक्ने स्वरोजगार उन्मुख नागरिक तयार गर्ने ।

## २.२.३ ध्येय

वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत, तथा समता र समावेशितालाई आत्मसात गर्ने आफ्नो नगरपालिका प्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने,

## २.२.४ प्रमुख उद्देश्यहरू

यस नगरपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा नगरपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतिहरूलाई सम्बोधन हुने गरि तयार गरिएको छ । सामान्य तया शिक्षा क्षेत्रका अधिकाँस समस्या तथा चुनौतिहरू एक अर्को नगरपालिका, प्रदेश र राष्ट्रिय स्तर र संघीय सरकारका एकै प्रकारका हुन सक्छन । त्यस कारण शैक्षिक परिवर्तन ल्याउन तयार गरिएका शिक्षाका उद्देश्य समेत संघीय सरकार प्रदेश सरकार र स्थानीय

तह्का समेत मिल्दा जुल्दा हुने भएकोले यस लुम्बिनी साँस्कृतिक नगरपालिकाकाको पञ्चबर्षीय शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ ।

१. लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. लुम्बिनी साँस्कृतिक नगरपालिकाका भित्र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. यस पालिकाभित्र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु,
४. यस पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु,
५. नगरपालिकाभित्र कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरूलाई प्रविधि मैत्री बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु,
६. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरणमा शिक्षण सिकाइमा सहभागी गराउनु,
७. राष्ट्रिय पाठ्यक्रम प्रारुप ले तोके बमोजमि पालिकास्तरमा स्थानीय पाठ्यक्रमको कायान्वयन मार्फत स्थानीय मूल्य मान्यता प्रविधि र सीप समेतको प्रबर्धन गर्नु,
८. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
९. नगरपालिकाभित्रका सबै विद्यालय तहमा विद्यालय शिक्षाको समतामूलक पहुँच र समावेशी सहभागितामा सबैका लागि प्रविधियुक्त र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु,
१०. नगरपालिकाभित्र सबै विद्यालयहरूमा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,

## २.२.५ दीर्घकालीन रणनीतिहरू

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्:

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र अवसर सुनिश्चित गर्न समुदायमा आधारित कार्यक्रमहरू स्थापना गर्ने ।
२. सबै बर्ग र क्षेत्रका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
३. माध्यमिक शिक्षालाई अनिवार्य गर्न सबै बालबालिकाहरुको पहुँचलाई प्राथमिकतामा राखी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने
४. उच्च शिक्षाका लागि नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरुमा पहुँचको शुनिश्चित गर्ने।
५. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीहरुलाई समेट्ने ।
६. परिवर्तित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्यहरु पुरा गर्ने ।
७. संघिय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागतिाको सुनिश्चित गर्ने ।

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयमा लागु गर्ने,

९. सबै निरक्षरहरूलाई औपचारीक/अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,

१०. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्ने विद्यालयका सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

११. आपतकालिन तथा संकटपुर्ण अवस्थामा वैकल्पिक सिकाई विधि र माध्यमहरुको प्रयोग गर्ने, सिकाई आपूरण तथा द्रुत सिकाई योजना कार्यान्वयन गर्ने,

१२. शिक्षकको शैक्षिक क्षमता अभिवृदी गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारी हरुलाई तालिम कार्यशालाहरु संचालन गर्ने ।

१३. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समुह, साथी समुह, रोस्टर समुह गठन गरि परिचालन गर्ने ।

१४. विशेष शिक्षा आवश्यकता भएका वालवालिकाहरुका लागी विशेष कक्षा संचालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयको ब्यवस्था गर्ने ।

१५. पढाई वातावरण, विद्यार्थी नियमितता, अभिभावक शिक्षाका सन्दर्भमा समुदाय परिचालनको लागि अभिभावक तथा समुदायको सहभागितालाई शुनिश्चित गर्ने ।

१६. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गर्ने ।

१७. शिक्षामा सुशासन प्रवद्र्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्ने निति अवलम्बन गर्ने

१८. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्ने,

१९. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्ने, शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्ने

२०. विपदको समयमा बैकल्पिक सिकाईका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरि सिकाइका क्रियाकलापहरुलाई निरन्तरता दिने ।

## २.२.६ कार्यनीतिहरूः

उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि अपनाइएका रणनीति अनुसारका कार्यनितहरू यसप्रकार रहेका छन्:

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न समुदायमा आधारित सचेतनाका कार्यक्रमहरू, शिक्षकहरूको क्षमता विकास, शैक्षिक सामग्रीको पहुँच, परिवार तथा समुदायको संलग्नताका साथै, सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्दै स्थानीय अनुकूलतासहितका नीतिहरू कार्यान्वयन गरिनेछ। (रणनीति नं. १)

२. शिक्षण स्रोतहरूको समान वितरण, तालिम प्राप्त शिक्षकहरूको उपलब्धता, र विविधता अनुकूलको सिकाई वातावरण सिर्जना, प्रविधिमैत्री शिक्षण, अपांगता, जातजाती, लिङ्ग, र आर्थिक अवस्थाका आधारमा सबै बालबालिकालाई समान अवसर प्रदान गरिनेछ। (रणनीति नं. २)

३. माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्न विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्दै बालमैत्री, समावेशी, र सुरक्षित वातावरणको निर्माण, गुणस्तर सुधारका लागि शिक्षक तालिम, आधुनिक शिक्षण विधिहरू, शैक्षिक सामाग्रीको प्रयोगका साथै, लैंगिक समानता, अपांगता मैत्री सुविधा, नियमित अनुगमन र समुदायको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनेछ। (रणनीति नं. ३)

४. उच्च शिक्षाका लागि पालिका स्तरिय छात्रवृत्ति कार्यक्रमहरू, प्राविधिक शिक्षाको प्रवद्र्धन, विज्ञान र प्रविधिमा अभिप्रेरित शिक्षा दिन प्रविधिमैत्री शिक्षकहरू र अत्याधुनिक स्रोतहरूको व्यवस्थापन गरिनेछ। (रणनीति नं. ४)

५. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका क्षेत्र र समुदायका विद्यार्थीलाई समेट्ने गरि विशेष सहुलियत दिने नितिको ब्यवस्था, नगरपालिका भित्र प्राविधिक धारका पढाई हुने सामुदायिक विद्यालयहरुमा प्रशिक्षक, स्रोत, अनुगमन तथा मूल्याङ्कनको उचित ब्यवस्थापन गरिनेछ। (रणनीति नं. ५)

६. पाठ्यक्रम अनुसारको परियोजनामुखी शिक्षण विधिहरुको प्रयोग, नयाँ पाठ्यक्रमका आधारमा शिक्षक तालिम, प्रविधिमैत्री शैक्षिक साधनहरुको प्रयोग, शिक्षणका क्रममा सृजनशीलता र उद्यमशीलताका गतिविधिहरुलाई समावेश गरिनेछ। (रणनीति नं. ६)

७. संघिय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागताको सुनिश्चित गर्न विद्यालयमा आधारभूत भौतिक तथा शैक्षणिक स्रोत तथा साधनको सुनिश्चितता गरिनेछ। (रणनीति नं. ७)

८. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, मदरसा तथा संस्थागत विद्यालयमा लागु गरिनेछ। (रणनीति नं. ८)

९. सबै निरक्षरहरूलाई औपचारिक र अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाउन, स्थानीय साक्षरता कक्षा सञ्चालन, प्रविधिको प्रयोग, र व्यावहारिक साक्षरता कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। (रणनीति नं. ९)

१०. साक्षरता कार्यक्रमलाई सीप विकाससँग एकीकृत गरी रोजगारीका अवसरहरू सिर्जना गर्न स्थानीय सरकार र समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिइनेछ। (रणनीति नं. ९)

११. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, र जवाफदेहिता सुनिश्चित गर्न, नेतृत्व तालिम कार्यक्रम र पारदर्शी निर्णय प्रक्रियामा सरोकारवालाहरूको सहभागिता शुनिश्चित गरिनेछ साथै सामाजिक लेखापरिक्षणका आधारमा प्राप्त सुझावहरु कार्यान्वयनमा विद्यालय नेतृत्वलाई जिम्मेवार बनाइनेछ। (रणनीति नं. १०)

१२. आपतकालिन तथा संकटपुर्ण अवस्थामा वैकल्पिक सिकाई विधि र माध्यमहरुको प्रयोग, सिकाई आपूरण तथा दुरत सिकाई योजना ReAL Plan कार्यान्वयनका साथै विद्यार्थीको सिकाई क्षतिको मूल्यांकन गरि उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ। (रणनीति नं. ११)

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्न नियमित रूपमा आवश्यकता आधारित तालिम तथा कार्यशालाहरू आयोजना गरिनेछ जसले आधुनिक शिक्षण विधि, पाठ्यक्रम

कार्यान्वयन, र प्रविधिको प्रयोगमा केन्द्रित भई विशेषज्ञहरूसँग सहकार्य गर्दै तालिमहरूको प्रभावकारिता मूल्याङ्कन गरी निरन्तर पेसागत विकास सुनिश्चित गरिनेछ। (रणनीति नं. १२)

१४. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समुह, साथी समुह, रोस्टर समुह गठन गरि सिकाई आदानप्रदानका साथै शिक्षण सिकाई प्रक्रियालाई सरलिकृत र सहज बनाउन कक्षाकोठा अवलोकन गरि पृष्ठपोषण प्रदान गर्ने ब्यवस्था मिलाइनेछ। (रणनीति नं. १३)

१५. विशेष शिक्षाको अवसरबाट बञ्चित भएका बालबालिकाहरुको पहिचान गरि आवश्यकताका आधारमा वालवालिकाहरुका लागी विशेष कक्षा संचालनका लागि स्रोत कक्षा तथा विशेष विद्यालयमा पहुँच शुनिश्चित गरिनेछ। (रणनीति नं. १३)

१६. पढाइको वातावरण सुधार्न, विद्यार्थी नियमितता बढाउन, र अभिभावक शिक्षामा समुदाय परिचालन गर्न, अभिभावक(शिक्षक बैठकहरू नियमित रूपमा आयोजना गरिनेछ। (रणनीति नं. १५)

१७. शिक्षण प्रक्रियामा अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नुका साथै, समुदायमा जनचेतना कार्यक्रम सञ्चालन गरी शिक्षाको महत्त्वबारे जानकारी दिने र समुदायको सहकार्यलाई प्रोत्साहित गरिनेछ। (रणनीति नं. १५)

१८. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गरिनेछ । (रणनीति नं. १६)

१९. शिक्षामा सुशासन प्रवद्र्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास, सबै बालबालिकाको विद्यालयमा समतामूलक पहुँच शुनिश्चित गर्नका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ। (रणनीति नं. १७)

२०. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्न बार्षिक शैक्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गरिनेछ। (रणनीति नं. १८)

२१. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गर्नका लागि भ्ःक्ष्क् तालिमलाई निरन्तरताका साथै शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था गर्न शिक्षकको सिप विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। (रणनीति नं. १९)

२२. विपदको समयमा बैकल्पिक सिकाईका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरि सिकाइका क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ। (रणनीति नं. २०)

## २.२.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०८५/८६ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१) लुम्बिनी साँस्कृतिक नगरपालिकाका भरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,

२) नगरपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,

३) लुम्बिनी साँस्कृतिक नगरपालिकाकाभरि अधारभूत तथा माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,

४) नगरपालिकाभरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने,

५) नगरपालिका शिक्षा शाखा लगायत नगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,

६) योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,

७) नगरपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,

८) विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने,

९) सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,

१०) सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,

११) नगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

१२) सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,

१३) नगरपालिका भरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

## २.३ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य अधारबर्ष २०८१ लाइ मानेर निम्न बमोजिम निर्धारण गरिएको छ

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लम्विनी प्रदेशको आधार बर्ष २०८१ | लु.सा.न.पा को आधार बर्ष २०८१ | लु.सा.न.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८४ | २०८५ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | १०१.७ | १०० | १०० | १०० |
| २ | प्रारम्भिक बालविकास तथा | ७०.६ | ७२.६ | ४१.५ | ४५.० | ५०.० | ६०.० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लम्विनी प्रदेशको आधार बर्ष २०८१ | लु.सा.न.पा को आधार बर्ष २०८१ | लु.सा.न.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८४ | २०८५ |
| | शिक्षामा खुद भर्ना दर | | | | | | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ६५.८ | ७०.० | ८०.० | ९०.० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७५ | ०.८० | ०.८५ | ०.९० |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.३ | ९६.० | ९७.० | ९८.० |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११४.६ | ११०.० | १०५.० | १००.० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९७.० | ९८.० | ९९.० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२६.४ | १२०.० | ११५.० | १०५.० |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | १.०० | १.० | १.० | १.० |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९४.८ | ९६.० | ९८.० | ९९.० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | ११६.८ | ११३.० | ११०.० | १०५.० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८६.४ | ९०.० | ९५.० | ९९.० |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.९६ | ०.९७ | ०.९८ | १.० |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७३.६ | ७५.० | ८०.० | ८५.० |
| १५ | माध्यमिक तहको कक्षा ९ | ९८.७ | ९६.८ | ८७.८ | ९०.० | ९३.० | ९८.० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लम्विनी प्रदेशको आधार बर्ष २०८१ | लु.सा.न.पा को आधार बर्ष २०८१ | लु.सा.न.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८४ | २०८५ |
| | देखि १० को कुल भर्ना दर | | | | | | |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.९० | ०.९५ | १.० |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | १८.३ | २५.० | ३५.० | ४५.० |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ३५.३ | ४०.० | ४५.० | ५०.० |
| १९ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.७४ | ०.८० | ०.९० | ०.९५ |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ४४.१ | ५०.० | ६०.० | ७०.० |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ५९.८ | ६०.० | ७०.० | ८०.० |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८३ | ०.८७ | ०.९० | ०.९५ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ८२.५ | ८६.० | ९०.० | ९५.० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ९०.४ | ९२.० | ९४.० | ९६.० |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९३.१ | ९४.० | ९५.० | ९७.० |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.३ | ९१.२ | ८६.६ | ९०.० | ९३.० | ९६.० |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | ७.९ | ७.० | ६.० | ५.० |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ०.९ | ०.८ | ०.७ | ०.५ |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ०.४ | ०.३ | ०.२ | ०.१ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लम्विनी प्रदेशको आधार बर्ष २०८१ | लु.सा.न.पा को आधार बर्ष २०८१ | लु.सा.न.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८४ | २०८५ |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | ०.० | ०.० | ०.० | ०.० |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.३ | ५.० | ४.० | ३.० |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ४.१ | ३.५ | ३.० | २.० |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | १.९ | १.५ | १.० | ०.५ |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | ०.४ | ०.३ | ०.२ | ०.१ |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.३ | ५.० | ६.० | ७.० |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.६ | ५.० | ६.० | ७.० |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ४.६ | ५.० | ६.० | ७.० |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | १२.९ | १५.० | १७.० | २०.० |

***Source: CEHRD Flash report 2080***

## परिच्छेद ३
## शिक्षाका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचय

बालबालिकाको शारिरीक, मानसिक, संवेगात्मक विकास गरी सृजनशील बनाउन तथा बालबालिकाको औपचारिक शिक्षा सुरुवात गर्न प्रारम्भिक बालविकासको निकै महत्व रहेको छ । प्रारम्भिक कक्षामा बालबालिका लाई पढाउने भन्दा पनि औपचारिक शिक्षा लिन तयार गर्ने गरिन्छ । बालबालिकाको मानसिक, संवेगात्मक, सामाजिक संस्कार तथा सृजशनील बनाउनका लागि बालमैत्री बिधिबाट बालबालिकालाई सिकाउने गरिन्छ । जस्तै चित्र कोर्ने, खेल खेल्ने, सामाजिक रितिरिवाज तथा जीवन उपयोगी सीपको बिकास गरी कक्षा १ मा भर्ना गर्न बालबालिकालाई तयार गर्ने । विशेष गरी ५ बर्षमुनिका बालबालिकाई लक्षित गरी प्रारम्भिक कक्षामा पठाउने गरिन्छ । अहिले नेपालमा विद्यालयमा आधारित तथा समुदायमा आधारित दुई किसिमका बालविकास केन्द्रहरु संचालन भईरहेका छन । निजी क्षेत्रका विद्यालयले बिभिन्न नाम दिई प्रारम्भिक बालविकास कार्यक्रम संचालन गर्दे आईहेको छन ।

प्रारम्भिक बालविकास तथा बाल शिक्षाकले बालवालिकाको औपचारिक शिक्षा लिन तथा कक्षा १ मा भर्ना गर्न बालवालिकाहरुलाई तयार गरेको विभिन्न तथ्याङ्क तथा प्रतिवेदन देखाईएको छ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, तथा राष्ट्रिय शिक्षा नीति तथा सोह्रौ योजनामा चार वर्ष उमेर पुगका बालवालिकाका लागि १ वर्षे प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ ।

### ३.१.२ वर्तमान अवस्था

देश संघीय संरचनामा गएपश्चात् माध्यमिक तह सम्मको शिक्षाको संचालन र व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । सोही अधिकार अन्तर्गत रहि लुम्बिनी साँस्कृतिक नगरपालिकाले माध्यमिक तह सम्मको शिक्षाको संचालन एवं व्यवस्थापन गर्दै आएको छ । जस अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा पनि पर्दछ । ४ वर्ष पूरा गरेका बालबालिकाहरुका लागि १ वर्षको कक्षा संचालन गरी कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभव सहितको विद्यार्थी भर्ना गर्ने व्यवस्था रहेको छ । सामुदायिक विद्यालय र मदरसातर्फ ८२ वटा र संस्थागततर्फ ३० गरी जम्मा ११२ वटा प्रारम्भिक बालशिक्षा कक्षाहरु संचालनमा रहेका छन् । शैक्षिक सत्र २०८० को फ्लास तथ्यांकको आधारमा खुद भर्नादर जम्मा प्रतिशत मात्र देखिन्छ भने खुद भर्नादर ७१.४ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने प्रारम्भिक बालविकास उमेर समूहका २८.६ प्रतिशत बालबालिकाहरु उपयुक्त उमेरमा बालविकासमा भर्ना भएको देखिदैन । संख्यात्मक आधारमा सामुदायिक विद्यालय र मदरसामा ४४०३ जना र संस्थागत विद्यालयमा १३७४ गरी जम्मा ५७७७ जना विद्यार्थी अध्ययनरत रहेका छन् । । शैक्षिक सत्र २०८० को फ्लास तथ्यांकको आधारमा कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये ६५.८ प्रतिशत प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित भर्ना हुन आउने रहेका छन् ।

यस पालिकामा सामुदायिक वालबिकासतर्फ महिला शिक्षक संख्या ५२ जना रहेकोमा प्रतिशतका आधारमा शत प्रतिशत र शैक्षिक योग्यताको आधारमा सबैजना १२ कक्षा भन्दा माथि अध्ययन पुरा गरेको देखिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षाको शिक्षकहरु मध्ये सवैजसो शिक्षकहरु छोटो अवधिको तालिम प्राप्त छन भने सवै शिक्षकहरुलाइ पूर्णकालिन तालिम प्रदान गर्नुपर्ने अवस्था देखिन्छ । वालविकास शिक्षकहरु शिक्षक छनौट परीक्षामा उत्तीर्ण भइ जाने र वालविकास शिक्षकहरु फेरवदल भइरहने हुनाले पूर्णकालिन तालिम प्रदानमा समेत अस्थिरता रहेको देखिन्छ । अभिभावकको आर्थिक अवस्था कमजोर हुनुका साथै शिक्षित अभिभावकको संख्या न्यून रहेकोले विद्यार्थीको सिकाइ र नियमित उपस्थितिमा समेत समस्या देखिने गरेको छ । सूचकगत रूपमा हेर्दा नगरपालिकाको अवस्था यसप्रकार रहेको छ ।

| **क्र.सं.** | **सूचक** | **हालको अवस्था** |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०१.७ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ४१.५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ६५.८ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७५ |

**बालविकास केन्द्रको विवरण**

| | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | ८२ | ३० | ११२ |

**बालविकास केन्द्र गइरहेका बालबालिकाहरूको संख्या २०८१**

| **बालविकास केन्द्रको प्रकार** | बालविकास केन्द्रमा अध्ययन गर्ने संख्या |
|---|---|
| सामुदायिक | १७३५ |
| संस्थागत | १३७४ |
| धार्मिक | २५६८ |
| जम्मा | ५६७७ |

स्रोतः IEMIS २०८१

**शिक्षक विवरण**

| | दरबन्दी | | | |
|---|---|---|---|---|
| क्रसं | तह | संघीय अनुदान | नगर अनुदान | जम्मा |
| १. | वाविके | ८२ | २० | १०२ |

प्रारम्भिक बालविकास र शिक्षामा संघीय सरकारको अनुदान शिक्षकको पारिश्रमिकमा खर्च जसमध्ये प्रति बालविकास सहजकर्ताका लागि संघीय सरकारबाट प्राप्त हुने रकम रु. १०,०००/- छ भने नगरपालिकाको आन्तरिक स्रोतबाट रु. ८०५०/- गरि शिक्षकहरुलाई जम्मा पारिश्रमिक रु. १८,०५०/- उपलब्ध गराइएको छ । पालिका अनुदानबाट नियुक्त गरिएका २० जना सहजकर्तालाइ पनि मासिक प्रति सहजकर्ता पारिश्रमिक रु. १८,०५०/- उपलब्ध गराइएको छ । यसलाई हेर्दा प्रारम्भिक बालविकास सहजकर्ताका लागि पालिकाले लगानी गर्नुपरेकाले  शिक्षाको भौतिक र कक्षाकोठाको सिकाइ व्यवस्थापनमा बजेटको अभाव देखिएको छ ।

### ३.१.३ समस्या र चुनौती

प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, पूर्वाधारयुक्त बनाई वालविकास केन्द्रलाई बालबालिकाको सहज पहुँचमा ल्याई गुणस्तरयुक्त शिक्षा प्रदान गर्नु पर्नेमा सो हुन सकेको छैन । जसमा निम्न प्रकारका समस्या र चुनौतीहरु रहेका छन् ।

१. बालमैत्री, सिकाइ कर्नरसहितको कक्षाकोठाको व्यवस्थापन नहुनु ।

२. पुर्ण तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापन हुन नसकेको

३. खुद भर्नादरमा उल्लेख्य सुधार हुन नसक्नु ।

४. विद्यार्थीको नियमित उपस्थितिमा सुधार हुन नसक्नु ।

५. अभिभावकलाई बालबालिका प्रति जिम्मेवारी बनाउन नसक्नु ।

६. साना बालबालिकाको लागि वालवालिकामैत्री शौचालयको व्यवस्था नहुनु ।

### ३.१.४ लक्ष्य

सबै वालवालिकालाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको पहुँच र अवसर सुनिश्चित गर्ने ।

### ३.१.५ उद्धेश्य

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चितता गर्नु ।

३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.६ रणनीतिहरु

१. प्रारम्भिक बालविकास शिक्षामा सबै बालबालिकाको पहुँचका लागि सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

२. प्रारम्भिक बालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता र तालिम अवधिको पुनरावलोकन गरी योग्य शिक्षकबाट सेवाप्रवाह हुने व्यवस्थागर्ने ।

३. प्रत्येक कक्षामा कम्तिमा २५ जना बालबालिका बराबर १ जना प्रारम्भिक बालविकास शिक्षक हुने गरी व्यवस्था मिलाउने ।

४. विभिन्न कारणले प्रारम्भिक बालविकास शिक्षामा प्रवेश गर्नबाट वञ्चित बालबालिकाहरुलाई भर्ना हुने व्यवस्था मिलाउने ।

५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने ।

६. लागत सहभागिता र साझेदारी अभिवृद्धि गर्ने ।

७. कार्यक्रमको नक्सांकन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

### ३.१.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने

**ख) नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुने

२. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक÷सहजकर्ता तथा बालबालिकाले न्यूनतम मापदण्ड पूरा गरेका हुने

३. बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने

४. आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित बालविकास तथा शिक्षा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन हुने ।

५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार हुने ।

### ३.१.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र.सं. | कार्यक्रम | एकाइ | लक्ष्य | कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण (मन्टेसरी ढाँचा) | पटक | २ | ० | १ | ० | १ | ० | |
| २ | सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रका | बा.वि.के | १०२ | ० | १०२ | १०२ | १०२ | १०२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि शैक्षिक सत्रको सुरूको महिनामा अभिभावक शिक्षा कार्यक्रम संचालन | | | | | | | | |
| ३ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | बा.वि.के | १० | ० | ३ | २ | ४ | १ | |
| ५ | बालबालिकाको अभिलेखीकरण | बा.वि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |
| ६ | बालविकासका बालबालिकाहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | ४३०३ | ४३८९ | ४४७७ | ४५६६ | ४६५८ | ४७५१ | |
| ७ | सहजकर्ताहरुका लागि पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | ० | १ | ० | ० | ० | |
| ८ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | बा.वि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |
| ९ | बर्षको २ पटक नजिकको स्वास्थ्य कार्यालबाट बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य परिक्षण गरि अभिलेख व्यवस्थापन | बा.वि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |
| १० | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | बा.वि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | बा.बि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |
| १२ | प्रारम्भिक बालविकास सहजकर्ता व्यवस्थापन | बा.बि.के | १०२ | १०२ | १०२ | १०२ | १०२ | १०२ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो ।शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको  राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो ।आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था  मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।नागरिकको शिक्षालाई सुनिश्चित गर्न  नेपालको संविधन २०७२ को धारा  ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ ।नेपालको संविधान २०७२ को अनुसुची ८  खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ ।संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८  शंशोधन सहित  शिक्षा नियमावली शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित  २०५७ को व्यवस्था गरिएको छ ।स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो  लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने ।दिगो विकासका लक्ष्य हासिल गरी वि.सं.

२०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। SESP 2079-2088 मा आधारभूत शिक्षा निम्न तरिकाले उल्लेख गरिएको छ:

सबै बालबालिकाका लागि नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने, शिक्षक प्रशिक्षण, पाठ्यक्रम र शैक्षिक सामग्री सुधार गर्ने, विद्यालय भवन, शौचालय, पुस्तकालय र खेलकुद सामग्रीको सुधार गर्ने, विशेष ध्यान दलित, आदिवासी र असुरक्षित समूहका बालबालिकामा लगाउने, डिजिटल शिक्षा र प्रविधिको उपयोगलाई प्रोत्साहन गर्ने, उचित शिक्षक नियुक्ति, प्रशिक्षण र व्यवस्थापन गर्ने

गरि आधारभूत शिक्षा सुधारमा केन्द्रित छ र समावेशी, गुणस्तरीय र पहुँचयोग्य शिक्षा प्रदान गर्न लक्षित छ। चालु १६ औं पञ्वर्षीय योजनाले सबै बालबालिकालाई नि:शुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्ने र विशेष ध्यान दलित, आदिवासी, अपाङ्गता भएका र अन्य असुरक्षित समूहका बालबालिकामा दिने योजना बनाइएको छ। शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकहरूको प्रशिक्षण, पाठ्यक्रम र शैक्षिक सामग्रीमा सुधार गर्ने कार्यसमेत योजनामा समावेश छ। विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने, जस्तै विद्यालय भवन, शौचालय र खेलकुद सामग्रीहरूको व्यवस्था गर्ने पहल गरिएको छ। प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै डिजिटल शिक्षा उपलब्धता विस्तार गर्ने र शिक्षक व्यवस्थापन र प्रोत्साहनमा सुधार गर्ने उपायहरू अपनाउने योजना छ। अन्तमा, शिक्षा प्रणालीमा पारदर्शिता र निगरानी बढाउँदै बजेटको उचित वितरण र प्रयोग सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस नगरपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ :

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.५ |
| २. | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२६.४ |
| ३. | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.०० |
| ४. | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.८ |
| ५. | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | ११६.८ |
| ६. | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.४ |
| ७. | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ |
| ८. | कक्षा चढ्ने दर १ देखि ५ | ८२.५ |
| ९. | कक्षा चढ्ने दर ६ देखि ८ | ९०.४ |

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १०. | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ७.९ |
| ११. | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ०.९ |
| १२. | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ५.३ |
| १३. | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ४.१ |
| १४. | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ |
| १५. | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ४.६ |

**आधारभूत तहका शैक्षिक संस्थाको विबरण**

| | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह १-५सञ्चालित | ११ | ३३ | १८ | ६२ |
| आधारभूत तह १-८ सञ्चालित | १२ | ३ | ६ | २१ |
| जम्मा | २३ | ३६ | २४ | ८३ |

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय, संस्थागत विद्यालय र मदरसा गरी जम्मा ८३ वटा आधारभूत विद्यालय रहेको देखिन्छ।

**आधारभूत तह अनुसार विद्यालय गइरहेका वालवालिकाहरूको संख्या २०८१**

| विद्यालयको प्रकार | कक्षा १-५ | कक्षा ६-८ | जम्मा |
|---|---|---|---|
| सामुदायिक | ५९३८ | ४२९० | १०२२८ |
| संस्थागत | २०३५ | ६५८ | २६९३ |
| धार्मिक | ५२२१ | १२९२ | ६५१३ |
| जम्मा | १३१९४ | ६२४० | १९४३४ |

स्रोतः IEMIS २०८१

२०८१ मा आधारभूत तह कक्षा १- ५मा १३१९४, कक्षा ६- ८ मा ६२४०, गरी कक्षा १ देखि कक्षा ८ सम्म कुल विद्यार्थी संख्या १९४३४ रहेको छ।

**शिक्षक विबरण**

**तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्रसं | तह | स्वीकृत दरवन्दी | राहत अनुदान | नगर स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्राथमिक | ११४ | ५६ | १७ | १८७ |
| २ | निम्नमाध्यमिक | १२ | १८ | ० | ३० |
| | कुल जम्मा | १२६ | ७४ | १७ | २१७ |

**शैक्षिक वर्ष २०८१ को अधारभूत तहमा जम्मा विद्यार्थी संख्या**

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | २७४ | ३०८ | ८२५ | ८५३ | ३७ | ४७ | ६ | १३ |
| २ | २२८ | २७९ | ६१० | ५५२ | १८ | १५ | २ | १ |
| ३ | २२९ | २२५ | ६३४ | ५६८ | २४ | १७ | ४ | ३ |
| ४ | २४२ | २०४ | ५७८ | ५०१ | १८ | २३ | २ | ० |
| ५ | २०७ | १९० | ५२४ | ४४० | २९ | २१ | ६ | २ |
| ६ | १८४ | २०२ | ४५९ | ४११ | ९ | ४१ | २ | १ |
| ७ | १४९ | २०१ | ४१८ | ४२२ | २० | ४२ | ० | १ |
| ८ | २०४ | २५० | ५७२ | ५९० | २७ | २४ | ४ | ३ |
| जम्मा | १७१७ | १८५९ | ४६२० | ४३३७ | १८२ | २३० | २६ | २४ |

**२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धी**
**कक्षा १-३ को सिकाइ उपलब्धी GPA अनुसार**

| कक्षा | नेपाली | | | अंग्रेजी | | | गणित | | | सेरोफेरो | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | २.७९ | २.४८ | २.५१ | २.४४ | २.३९ | २.४१ | २.५५ | २.५ | २.५२ | २.५ | २.४१ | २.४६ |
| कक्षा २ | २.६२ | २.५३ | २.५८ | २.५८ | २.४९ | २.५३ | २.६३ | २.५२ | २.५८ | २.५४ | २.४४ | २.४९ |
| कक्षा ३ | २.६७ | २.५५ | २.६१ | २.६१ | २.४४ | २.५३ | २.५१ | २.४१ | २.४६ | २.६१ | २.४७ | २.५४ |
| औषत | २.६९ | २.५२ | २.५६ | २.५४ | २.४४ | २.४९ | २.५७ | २.४८ | २.५२ | २.५५ | २.४४ | २.५ |

**कक्षा ४-८ को सिकाइ उपलब्धी GPA अनुसार**

| कक्षा | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ४ | २.९ | २.७ | २.८ | २.८ | २.७ | २.८ | २.८ | २.६ | २.७ | २.७ | २.५ | २.६ | २.८ | २.६ | २.७ |
| कक्षा ५ | २.८ | २.८ | २.८ | २.८ | २.८ | २.८ | २.८ | २.८ | २.८ | २.६ | २.७ | २.६ | २.९ | २.८ | २.८ |
| कक्षा ६ | २.६ | २.५ | २.६ | २.६ | २.५ | २.६ | २.६ | २.५ | २.५ | २.४ | २.४ | २.४ | २.५ | २.४ | २.५ |
| कक्षा ७ | २.५ | २.६ | २.५ | २.५ | २.७ | २.६ | २.५ | २.७ | २.६ | २.४ | २.६ | २.५ | २.५ | २.७ | २.६ |
| कक्षा ८ | २.३ | २.१ | २.२ | २.४ | २.२ | २.३ | २.१ | १.९ | २. | २. | २.१ | २.१ | १.९ | २. | २. |
| औषत | २.६ | २.६ | २.६ | २.६ | २.६ | २.६ | २.६ | २.५ | २.५ | २.४ | २.४ | २.४ | २.५ | २.५ | २.५ |

यस नगरपालिकामा ८३ वटा विद्यालयहरू आधारभूत तह सञ्चालित छन् । जसमा २४ वटा संस्थागत विद्यालय रहेको छ । कक्षा १ देखि ८ सम्म सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा कूल विद्यार्थी १९४३४ जना अध्ययनरत छन् भने कक्षा १–५ मा १३१९४ जना विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ ।

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्थाले असमानता रहेको । दलित छात्राहरूको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेशागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्युन छ । कोभिड महामारीको कारणले क्षती भएको शिक्षण सिकाइ उपलब्धिले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्युनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सीप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता बढाई वि.व्य.स. र शि.अ.सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

माथि गरिएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,

६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,
१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने

### ३.२.३ उद्देश्य

यस योजनाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु,
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. संघीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने ।
३. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरणसङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक अनौपचारिक खुला परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आवासीय सुविधा आदि) मिलाउने ।

४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने ।
५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने ।
६. न्युनतम् सक्षमता पूरा गराउन स्थानीय तहले संघीय र प्रदेश सरकारसँग समन्वय गर्ने |
७. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था र तालिम, तयारी, प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने |
८. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने |
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने |
११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने ।
१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्ने ।
१३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने |
१४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
१५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गर्ने | ।

### ३.२.५ , प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धिः

अनिवार्य तथा निःशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

ख) नतिजाः

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सहभागी भएको हुने ।

२. सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने ।

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने ।

४. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने ।

५. बालमैत्री र समावेशी वातावरणमा सिकाइ भइरहेको हुने ।

६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने ।

७. विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुने ।

८. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

९.आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समतासूचकमा सुधार भएको हुने ।

१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।

११. सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुने ।

१२. शिक्षकहरुको े क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

### ३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | २ | ० | १ | ० | १ | ० | |
| सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | ४ | ० | १ | १ | १ | १ | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ४ | ० | १ | १ | १ | १ | |
| कक्षा अवलोकन तथा शिक्षण सिकाई क्रियाकलापका सम्बन्धमा शिक्षकहरुसँग प्राविधिक छलफल | विद्यालय | ५९ | १२ | १२ | १२ | ११ | १२ | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |
| अपाङ्गता भएका विद्यार्थीलाई शिक्षण सिकाइमा आवश्यक आधारभूत सहयोग | संख्या | १०० | १६ | १८ | २० | २२ | २४ | |
| सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ५९ | १२ | १२ | १२ | ११ | १२ | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |
| कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | ५९ | १२ | १२ | १२ | ११ | १२ | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थित परीक्षा प्रणालीको कार्यान्वयन | विद्यालय | ५९ | १२ | १२ | १२ | ११ | १२ | सबै आधारभूत सामुदायिक र धार्मिक र संस्थागत समेत |
| वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | विद्यालय | ५९ | ० | ० | ० | ० | १२ | सबै आधारभूत सामुदायिक र धार्मिक समेत |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | ५९ | ५९ | ५९ | ५९ | ५९ | ५९ | |
| अभिभावक शिक्षा तथा अभिमुखीकरण | विद्यालय | २० | २० | २० | २० | २० | २० | |
| प्रारम्भिक कक्षा (१-३) मा पढाउने शिक्षकलाइ एकिकृत पाठ्यक्रमको तालिम | संख्या | ५९ | ५९ | ५९ | ० | ० | ० | |
| विद्यालयगत स्मार्ट कक्षाकोठा ब्यवस्थापन | विद्यालय | ५९ | १२ | १२ | १२ | १२ | १२ | |
| आधारभूत तहमा शुद्द पठन द्रुतपठनका लागि शिक्षक तालिम संचालन | संख्या | १०० | ५० | ० | ५० | ० | ० | |
| आधारभूत तहमा उत्कृष्ट विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान | संख्या | ५० | १० | १० | १० | १० | १० | |
| विद्यार्थीहरूको अपाङ्गताको प्रारम्भिक पहिचान | संख्या | ५७४३ | ५८५८ | ५८८७ | ५९१७ | ५९४६ | ५९७६ | |
| शैक्षिक सुधार कार्यक्रम (विद्यालय जाउँ ज्ञान पाउँ) | वडा | ५ | १ | १ | १ | १ | १ | |

### ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच निशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । विज्ञान प्रविधि तथा नवपर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

## ३.३.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकाभित्र ४ वर्षदेखि १६ वर्ष उमेर समूहका वालवालिकाहरू जम्मा २८१७५ जना रहेका छन् । ECD–८ मा भर्ना हुने उमेरका वालवालिका २६११२ जना छन् भने माध्यमिक तहमा २२०४ जना रहेका छन् । यस नगरपालिकाभित्र जम्मा ९६ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी मध्ये ३२ वटा सामुदायिक विद्यालय, २७ वटा संस्थागत तथा ३७ वटा मदरसा रहेका छन् । उच्च शिक्षा तर्फ एउटा पनि क्याम्पस सञ्चालनमा रहेको छैन । सामुदायिक विद्यालय तर्फ बालविकास केन्द्र ३२ आधारभूत तह १–५ संचालित १४ , आधारभूत तह १–८ संचालित ९ माध्यमिक १–१० संचालित २ र माध्यमिक तह १–१२ संचालित ७ विद्यालयहरु रहेका छन् ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाका १३ देखि १६ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ९–१०) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ । विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । बालविवाह, आर्थिक विपन्नताका कारण छात्राहरु कक्षा ८ पछि विद्यालय छाड्ने गरेको अवस्था छ । विद्यालयको थप कक्षा अनुमति दिदा शिक्षक अभाव हुने भएकाले मा.वि थप गर्दा मौजुदा भौतिक संरचना को आधारमा दरबन्दी सहितको अनुमति मात्र दिनुपर्ने देखिन्छ । पालिकामा भएका सामुदायिक माध्यमिक विद्यालय (९ देखि १२ कक्षा) ७ वटा मात्र भएकाले सबै बालबालिकाको पहुँचको शुनिश्चितता हुन सकेको छैन । माध्यमिक तहमा कक्षा १२ सम्मको पाठ्यपुस्तक पालिका मार्फत निःशुल्क रुपमा उपलब्ध गराईएको छ । पालिकामा विद्यार्थी संख्या, संचालित कक्षा र विषयगतरुपमा पर्याप्त शिक्षक नभएकाले निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । माध्यमिक विद्यालयहरु सबैमा विज्ञान प्रयोगशालाको अवस्था सुधार गर्नुपर्ने रहेको छ । सबै माध्यमिक विद्यालयहरुले सूचना प्रविधि सहयोग (कम्प्युटर तथा इन्टरनेट) सुविधा प्राप्त गरेको अवस्था छ । सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा रहेका छन

। सरकारको शसर्त अनुदान मार्फत सबै बालिकाहरुका लागि सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईएको छ । विशेष शिक्षाको पठनपाठनका लागि पालिकामा विशेष विद्यालय नभएका कारणले अपाङ्गता भएका बालबालिकाकालागि विशेष शिक्षाको अवसर प्राप्त छैन ।

माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस नगरपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७३.६ |
| २. | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ८७.८ |
| ३. | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८७ |
| ४. | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | १८.३ |
| ५. | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ३५.३ |
| ६. | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.७४ |
| ७. | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ४४.१ |
| ८. | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ५९.८ |
| ९. | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.८३ |
| १० | कक्षा चढ्ने दर ९ देखि १० | ९३.१ |
| ११ | कक्षा चढ्ने दर ११ देखि १२ | ८६.६ |
| १२ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | ०.४ |
| १३ | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.० |
| १४ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ५.३ |
| १५ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ४.१ |
| १६ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ |

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १७ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.४ |
| १८ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | ४.६ |
| १९ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | १२.९ |

**माध्यमिक तहका शैक्षिक संस्थाको विबरण**

| | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| माध्यमिक तह १-१० सञ्चालित | २ | ३ | ५ | १० |
| माध्यमिक तह १-१२ सञ्चालित | ७ | ० | ० | ७ |
| जम्मा | ९ | ३ | ५ | १७ |

माथि उल्लेखित तालिकामा सामुदायिक माध्यमिक विद्यालय ९ संस्थागत विद्यालय ५ र मदरसा ३ गरी जम्मा १७ वटा माध्यमिक विद्यालय रहेको देखिन्छ ।

**माध्यमिक तह अनुसार विद्यालय गइरहेका वालवालिकाहरूको संख्या २०८१**

| विद्यालयको प्रकार | कक्षा ९-१२ |
|---|---|
| सामुदायिक | १७८७ |
| संस्थागत | १७७ |
| धार्मिक | १९१ |
| जम्मा | २१५५ |

स्रोतः IEMIS २०८१

**शिक्षक विबरण**

**तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्रसं | तह | स्वीकृत दरवन्दी | राहत अनुदान | नगर स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|
| १ | माध्यमिक | ९ | १४ | ० | २३ |
| २ | साविक उमातह | ० | ६ | ० | ६ |
| | कुल जम्मा | ९ | २० | ० | २९ |

## ३.३.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक तहमा सबैको पहूँच सुनिश्चत गर्नु |
२. माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु |
३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु |
४. खुद भर्नादर बढाउनु |
५. विद्यालयलाई वालमैत्री, समावेशी र सुरक्षित बनाउनु ,
६. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु ,
७. शिक्षण सिकाइ क्रियाकलाप समय सपेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु ,
८. आपतकालीन अवस्थामा समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु
९. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकास जोड दिनु
१०. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना तथा व्यवस्थापन गर्नु
११. आवसीय विद्यालयका साथै यातायातको सुविधा विस्तार गर्नु
१२. आवश्यकतानुसार प्राविधिक धारका विद्यालयहरूको स्थापना र व्यवस्थापन गर्नु
१३. विद्यार्थीहरूलाई भूकम्प, बाढी पहिरो, आगो लागी जस्ता प्राकृतिक प्रकोप, महामारी, दुर्घटना इत्यादि विपदमा सुरक्षित हुँदै एक अर्कामा सहयोगी भावनाको विकास गर्नु |
१४. विद्यार्थीहरूमा पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्नु |

## ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै वालवालिकको पहूँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गर्ने |
२. अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने |
३. नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ ।
४. संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने |
५. संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुनर्ताजगी तालिमको व्यवस्था गर्ने |
६. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गर्ने |
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने |
८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन् प्रणालीको व्यवस्थापन गर्ने |
९. गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने |
१०. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने |
११. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र

शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गर्ने |

१२. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गर्ने |

१३. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिने |

१४. विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइने छ ।

१५. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गर्ने |।

१६. संघीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गर्ने |

१७. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप ( संगीत, नृत्य, गायन, खेलकुद आदि ) को स्तरन्नोति गर्न शिक्षकको व्यवस्थापन गर्ने |

१८. सुविधासम्पन्न वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गर्ने |

१९. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिने |

२०. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभाकारी बनाइने |

२१. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने |

२२. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना, गणित, अङ्ग्रेजी लगायत अन्य विषयका शैक्षिक सामाग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गर्ने |

२३. हाल सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको उचित व्यवस्थापन गर्दै आवश्यकताका आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिने |

२४. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने |

२५. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिने |

२६. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

**ख) नतिजाः**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने

३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने

५. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने

६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने

७. माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने

८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने

९. माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने

१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

**३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| कार्यक्रम | एकाई | लक्ष्य | **कार्यक्रम कार्यान्वयन वर्ष** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | पटक | २ | ० | १ | ० | १ | ० | |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन घरधुरी सर्वेक्षण र अद्यावधिक गर्ने | पटक | २ | ० | १ | ० | १ | ० | |
| सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि सघन भर्ना कार्यक्रम संचालन | पटक | ४ | ० | १ | १ | १ | १ | |
| आवश्यकताअनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक सिकाईको प्रबन्ध मिलाउने | पटक | ४ | ० | १ | १ | १ | १ | |
| उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान | पटक | ५ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिकाइका लागि न्यूनतम वातावरणका लागि विद्यालय सुधार योजनामा आधारित सहयोग कार्यक्रम | पटक | ४ | ० | १ | १ | १ | १ | |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |
| वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |
| बार्षिक एस.इ.इ नतिजा सुधार योजना निर्माण र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शैक्षिक शुसासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि अभिभावक तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |
| नमुना माध्यमिक विद्यालय निर्माण कार्यक्रम | विद्यालय | २ | ० | १ | ० | १ | ० | |
| विद्यालय स्तरमा बाल समूह, स्काउट, रेड्क्रस क्लब गठन क्षमता विकास र परिचालन गर्ने | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | १० | १० | १० | १० | १० | १० | सबै धार्मिक र सामुदायिक |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

## ३.४.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केलब शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवन यापनामा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन् बढेको पाइन्छ । हाम्रो नगरपालिकालाई समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक सीप विकास गरी नगरपालिका.मा हरेक प्राविधिक क्षेत्रमा सु–निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा नगरपालिका. समृद्ध बन्ने कुरामा कुनै दुई मत रहन्न ।

शिक्षालाई सीप, सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौति हुने देखिन्छ ।नेपालमा सीप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा विभाग र प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

## ३.४.२ वर्तमान अवस्था

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला अन्तर्गत लुम्बिनी साँस्कृतिक नगरपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा

व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

प्राविधिक धार संचालनमा रहेका विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | संचालित प्राविधिक शिक्षा | संचालित कक्षा |
|---|---|---|---|
| १ | तेनुहवा सामुदायिक मा.वि | बालीविज्ञान | ९-१२ |
| २ | मसिना बाबा नरेन्द्रपुरी मोगलाहा मा.वि | कम्प्युटर इन्जिनियरिंग | ९-१२ |

## ३.४.३ चुनौति तथा अवसरहरू

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला अन्तर्गत लुम्बिनी साँस्कृतिक नगरपालिकाको भौगोलिक बनावट विशेषता, मावन वस्तीको अवस्था, हावापानी उपलब्ध प्राकृतिक स्रोत साधन सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा कृषि प्राविधिक विद्यालय नै उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरी विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ । व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन, प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, आवश्यक बजेटको व्यवस्था गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धता सहितको ठोस योजना कार्यान्वयनको लागि व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्नु प्राविधिक शिक्षाको योजना र नीति कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

### ३.४.४ उद्देश्य

१.लुम्बिनी साँस्कृतिक नगरपालिका लगायत यस क्षेत्रमा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु ।

२.प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,

३.नगरपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योगमार्फतत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउने,

४.प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरलाई थप सहज र व्यापक विस्तार गरी समावेशी, समतामूलक पहुँचका आधारमा विकासका लागि उद्यमशील, सक्षम, सीपयुक्त जनशक्ति तयार गर्ने,

### ३.४.५ रणनीतिहरू

१. क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छक सबैलाई अवसर प्रदान गर्ने,

२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,

३. शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने,

४. प्रयोगात्मकतर्फविशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,

५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,

६. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समवन्यात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,

७. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फतत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने

८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,

९. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

१०. प्राविधिक शिक्षामा अध्ययरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम सम्झौता गर्ने,

११.नगरपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारको विद्यालयमा व्यवसायिक तथा सीपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

## ३.४.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिः**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख) नतिजाः**

१. नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।

२. स्थानीय तहमा बहुप्राविधिक शिक्षालय÷प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने

३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने

५. स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन हुने

६. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना हुने

७. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने

८. उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।

९. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | ० | ० | १ | ० | ० | |
| बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | विद्यालय | १ | ० | ० | ० | ० | १ | |
| छोटो अवधिका सीपमूलक तालिम सञ्चालन | पटक | ४ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन कार्यक्रम | पटक | ४ | ० | १ | १ | १ | १ | |
| आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृचना गर्न आवश्यक स्रोतको व्यवस्था | पटक | २०० | ० | ५० | ५० | ५० | ५० | |
| माध्यमिक तहमा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | २ | ० | ० | १ | १ | ० | |
| प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम संचालन | पटक | ४ | ० | १ | १ | १ | १ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणालि अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने  समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने  समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन

गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्धेश्यहरु समावेश गरिएका छन ।

### ३.५.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका सबै बालबालिका तथा प्रौढहरुलाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ । खुला शिक्षाको नीतिसमेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रुचि र आवश्यकताअनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ । नगरपालिकाको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समुहका निरक्षरहरु साक्षर वनिसक्नुभएको  देखिन्छ । २०७२ सालमा रुपन्देही जिल्ला साक्षर घोषणा हुनुपूर्व साविकका गाविसहरुमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालनमा आए । साक्षरता र साक्षरोत्तर कार्यक्रमवाट लाभान्वित महिला समुहलाई १० हजार को बिउपूँजी उपलव्ध गराई बचत तथा ऋणका कार्यक्रमहरु सञ्चालन गरिए । नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना गरी सो मार्फत् समेत अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ । यस पालिकामा ८ वटा सामुदायिक सिकाइ केन्द्र हाल सञ्चालनमा छ । हाल आएर पालिकाअन्तर्गत शिक्षा ,युवा तथा खेलकुद शाखाको स्थापना भएकोमा साक्षरता सम्वन्धी एकिन तथ्यांक संकलन गर्ने कार्य अगाढी वढाउनु पर्ने देखिन्छ । यसको लागि जनगणनाको नतिजामा भर पर्नुपर्ने अवस्था छ ।

सामुदायिक सिकाइ केन्द्रको विवरणः

| क्र.सं. | केन्द्रको नाम | वडा नं. | स्थान | संयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | दाई अखलेश्वरी देवी सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा ११ | मसीना | लालमती यादव | ९७०३६६५५८९ |
| २ | खुदाबगर सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा ९ | सोनबरसी | अमरावती यादव | ९८००७८९८५७ |
| ३ | तेनुहवा सामुदायिक अध्ययन केन्द्र | लु.सा.न.पा ६ | तेनुहवा | मेनुका रैदास | ९८२७५५९६३२ |
| ४ | लुम्बिनी आदर्श सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा ३ | पदरिया | धर्मशीला यादव | ९८००७६९१६० |
| ५ | अकल सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा ७ | कर्महवा | अनिता यादव | ९७०३६६५५८९ |
| ६ | मधुवनी सामुदायिक | लु.सा.न.पा १० | मधुवनी | रेखा चौधरी | ९८१९४४१४६० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिकाई केन्द्र | | | | |
| ७ | भगवानपुर सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा १ | भगवानपुर | सरिता यादव | ९८०५४८९०४८ |
| ८ | आमा सामुदायिक सिकाई केन्द्र | लु.सा.न.पा १२ | आमा | अन्तिमा कुमारी लोध | ९८०५४५२६७२ |

### ३.५.३ समस्या तथा चुनौतीहरु

माथि उल्लेखित सन्दर्भ र विश्लेषणका आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतीहरु निम्न अनुसार पहिचान गरिएको छ ।

१. साक्षर नगरपालिका घोषणा गरिएको भएतापनि निरक्षरहरुको संख्या अद्यापी हुनु ।

२. नवसाक्षरहरुलाइ साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु ।

३. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्वन्ध कायम गर्न नसकिनु ।

४. युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरता, पढ्ने बानीको कमी र डिजिटल साक्षरताको कमी ।

५. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ।

६. साक्षरता, निरन्तर सिकाइ, आयमुलक सिप, समयसापेक्ष सूचना प्रविधियुक्त कार्यमुलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ।

### ३.५.४ लक्ष्य

सबै निरक्षरहरु पूर्ण साक्षर भई नागरिकको जिवनस्तरमा सुधार हुने

### ३.५.५ उद्धेश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्न लिखित उद्धेश्यहरु राखेको छ ।

१. सामुदायिक सिकाइ केन्द्रको सवलीकरण गर्दै आवश्यकताअनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने ।
३. आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाइ मुलधारमा ल्याउने

### ३.५.६ रणनीतिहरु

१. सामुदायिक सिकाइकेन्द्रको सुवदृढिकरण गरी आवश्यकताअनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

२. नगरपालिकाभित्र पुन घरधुरि सर्वेक्षण गरि साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिनेछ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार , प्रदेश सरकार र अन्य संघ संस्थासँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरिने छ ।

४. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यवसायिक बनाउन सहयोग गरिने छ ।

### ३.५.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

पालिकाका सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने ।

**ख) अपेक्षित नतिजा**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने ।

२. सिकारुको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने ।

३. नगरपालिकामा रहेका सिकाई केन्द्रलाई अनौपचारिक शिक्षा तथा ब्यवसायिक सिपका क्रियाकलाप प्रवर्दन गर्ने थलोका रुपमा विकास गरिने ।

४. आवश्यकताका आधारमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना भई आजीवन सिकाइको केन्द्रका रूपमा विकसित हुने ।

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने ।

६. बैकल्पिक तथा खुल्ला सिकाई कार्यक्रम मार्फत विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालय भर्ना गर्ने

७. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने ।

### ३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | ० | ० | १ | ० | ० | |
| साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न थप सामुदायिक सिकाइ केन्द्रको स्थापना | पटक | २ | ० | १ | १ | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील गराउने | वटा | ८ | ८ | ८ | ८ | ८ | ङ | |
| अनौपचारिक शिक्षा शिक्षण सिकाइ सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने) | वटा | ४ | ० | १ | २ | १ | ० | |
| महिला तथा प्रौढहरुलाइ आधारभूत वित्तिय साक्षरता तथा आधारभूत अंकगणितिय सिप सिकाइ कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| प्रौढहरुलाइ सिप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| लक्षित वर्गका लागि क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शैक्षिक पहूँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | |

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

# ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

## ४.१.१. परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम सिकाईको समस्त तथा बृहत योजना हो । यो बदलिदों समाज अनुसार परिवर्तित र परिमार्जित हुदै जाने निरंतर प्रक्रिया को रुपमा काम गर्छ र गर्नु पदर्छ । तसर्थ पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनुपर्दछ।वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा परिबेसअनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.स. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वियन हुने क्रममा रहेको छ । आधारभूत तह १-३,४-५ र ६-८लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१०र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ ।विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिकबनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सीपसमावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा ,इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्यक्रममासान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्यवा सामुदायिकलगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमारुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्तक्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, सस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेशम अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ । विद्यालयमा प्रदान गरिने शिक्षा सैद्धांतिकको साथ साथै व्यावहारिक पनि हुनु पर्ने देखिन्छ । पठनपाठनलाई वास्तविक जीवन संग मेल खाने गरी समावेश गर्न पर्ने देखिन्छ । व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनसिल तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य,संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाप्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षणगर्न विभिन्न सन्दर्भ

सामग्रीहरू तथा शिक्षक निर्देशिकातयार गरिएका छन् । त्यस्ता सामाग्रीहरु पुस्तकको रुपमा उपलब्ध हुनु को साथै डिजिटल रुपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन्।पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएकोछ। स्टेम भनेको बिज्ञान,प्रबिधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउँदछ । साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुनजान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ। स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ। जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ। विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन्। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागतसहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीविकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपुर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तकनीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममारहेका चुनौतीहरू हुन्।

## ४.१.२. वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा विक्रम सम्म २०२८को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं २०६३मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.सं. २०७८मा कक्षा २,३, ६ र१२, मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसक्ने छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६अनुरूपको पाठ्यक्रममा कक्षा १-३सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म ५कार्य घण्टा र ४ कार्यघण्टा बराबरको मातृभाषा स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी लागू गर्ने व्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गरि २०८२ बाट सबै सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा लागु गर्नका लागि पाठ्यक्रम निर्माणकार्य सुरू गर्ने तयारी गरिएको छ ।

मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६-७ मा ४०प्रतिशत निरन्तर मूल्याङ्कन र ६०प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।
माध्यमिक तह (९-१२) मा ७५% सैद्धांतिक र २५% प्रयोगात्मक मूल्यांकन प्रणालीको ब्यवस्था रहेको छ । सैद्धांतिक तर्फ विद्यार्थीहरुको मूल्यांकनको लागि कक्षा ९ बिभिन्न आवधिक परीक्षा, तथा १०, ११, १२ मा वार्षिक परीक्षालाई आधार मानिएको छ । हाल मूल्यांकनमा अङ्क पद्धतिलाई विस्थापित गरी अक्षरांक पद्धति लागू गरिएको छ । माध्यमिक तह (९-१२) मा सैद्धांतिक तर्फ ३५% अङ्क र प्रयोगात्मक तर्फ ४०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनु पर्ने प्रावधान २०७८ बाट लागू गरिएको छ ।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वियन गर्नु
२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वियन गर्नु
३. सिकाइ दैनिक जीवनसँग सम्वन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्धारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
५. सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु ।
६. नतिजाको विश्लेषण र प्रयोग गरी शिक्षण सिकाई प्रक्रियालाई उत्पादनमुखी बनाउनदै लैजने ।
७. सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकल विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्ने ।
८. मूल्यांकन प्रक्रियालाई निरन्तर गर्न आवधिक मूल्यांकनका साथै निरन्तर मूल्यांकनका साधनहरुलाई प्रभावकारी तरिकाले प्रयोग गर्दै जानु ।
९. सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्नु ।
१०. विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गरा थप क्षमता अभिवृद्धि गर्नु ।
११. पूर्वीय दर्शनमा आधारितयोगा, ध्यान, व्यायम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु।
१२. विद्यार्थीमा रचनात्मक क्षमता तथा विश्लेषणात्मक क्षमताको विकास गर्न मूल्यांकन प्रणालीमा परिजोजना कार्यको प्रयोगलाई प्रभावकारी बनाउनु ।
१३. पाठ्यक्रम तथा पाठ्यपुस्तक को प्रयोगको सुनिश्चिततता गर्नको लागि डिजिटल रुपमा उपलब्ध भएको पाठ्यसमग्रीको प्रयोगलाई प्रभावकारी बनाउनु ।
१४. बदलिदों परिवेश अनुसार सिकाईलाई प्रभावकारी बनाउन अनलाइन सिकाई पोर्टलको प्रयोग व्यवस्थित गर्दै जानु ।

## ४.१.४ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिने छ ।
२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने छ ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ ।
४. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गरिने छ ।
५. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
६. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकरी ढङ्गले प्रवोधीकरण गरिने छ ।
७. विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ ।
८. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामाग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने छ । तथा यसको अनलाइन प्रयोगलाई प्रभावकारी तरिकाले व्यवस्थापन गरिने छ ।
९. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने छ ।
१०. शिक्षण सिकाइलाई वालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने छ ।
११. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिने छ ।
१२. महामारीको बेला पनि शिक्षालाई निरन्तर गर्न विद्यालयमा आवश्यक पूर्वाधार तयार गरिनु का साथै शिक्षकलाई आवश्यक तालिम तथा निरन्तर सहयोगको व्यवस्था गरिने छ ।
१३. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कायान्वयनमा ल्याइने छ ।
१४. अभिभावकहरुलाई आफ्नो बालबालिकाको सिकाई प्रति जिम्मेवार बनाउदै लगिने छ । त्यसको लागि अभिभावक संलग्नता तथा सहभागिता बृद्धि गरिने छ ।
१५. सूचना, सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने छ ।
१६. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय तथा डिजिटल लाइब्रेरीको स्थापना सुनिश्चित गरिने छ ।
१७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आवद्ध गरिने छ ।
१८. सिकाईलाई प्रभावकारी बनाउन निरन्तर मूल्यांकनका साधाहरुको प्रयोगलाई प्रभावकारी बनाइने छ ।
१९. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिनेछ ।
२०. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि बृद्धिगर्न शिक्षकहरूको क्षमता विकास गरिने छ ।

२१. गा पा. स्तरमा सबै विद्यालय तथा विद्यार्थीको पहुच सुनिश्चित हुने गरी डिगितल ई. लाइब्रेरी सर्भरलाई स्थापना गरी प्रभावकारी तरिकाले प्रयोगमा लयाइने छ।
२२. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामाग्री प्रदर्शन गर्ने व्यवस्था गरिने छ।
२३. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायम,प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइने छ।
२४. CDC, NCED, CEHRD ले उपलब्ध गराएका अनलाइन सिकाई सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउदै बालबालिकाहरुमा स्वाध्यानको बानीको विकास गरिने छ।

**४.१.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वियनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने।

**ख) नतिजा**

१. पाठ्यक्रमको कार्यान्वियन प्रभावकारी रूपमा भएको हुने।

२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने।

३. सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने।

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने।

५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने।

६. शिक्षण सहजीकरणमा आधुनिक प्रविधिको प्रयोग गर्न शिक्षक सक्षम भएको हुने।

**४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वियन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा | पटक | २ | ० | १ | ० | ० | १ | |
| कक्षा १–३ एकिकृत पाठ्यक्रम अनुसारको मूल्यांकन प्रणाली सम्बन्धि अभिमूखिकरण | विद्यालय | ६९ | १ | ० | ० | ० | ० | सबै सामुदायिक र धार्मिक विद्यालयहरू |
| आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | १५ | ५ | ५ | ५ | ५ | ५ | |
| निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | ६९ | १ | १ | १ | १ | १ | सबै सामुदायिक र धार्मिक विद्यालयहरू |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय पाठ्यक्रम कार्यान्वयन | विद्यालय | ९६ | १ | ० | ० | ० | ० | संस्थागत विद्यालय समेत |
| गणित, विज्ञान, भाषा र कम्प्युटर विषयक शिक्षक तालिम | विद्यालय | ६९ | ० | ० | १ | ० | ० | |
| सामुदायिक माध्यमिक विद्यालयमा नेपाली विषयको सिकाइ पद्दती विकास | विद्यालय | १० | १ | ० | ० | १ | ० | सबै सामुदायिक र धार्मिक विद्यालयहरू |
| सामुदायिक माध्यमिक विद्यालयहरूमा ई-लाइब्रेरी स्थापना | विद्यालय | १० | २ | ० | २ | ० | २ | सबै सामुदायिक र धार्मिक विद्यालयहरू |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पुर्ण व्यवस्थापकिय कार्यपर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफैँमा बहुआयामिक विषय हो । निरन्तर प्रक्रिया हो ।अन्तरनिहित यात्रा हो ।आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन ।शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीता दक्षता समता समानता वाताबरण मैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना, दरबन्दी सिर्जना तथा भर्नाउपयोग विकास सेवा सुविधा , सामाजिक सुरक्षा (तलबभत्ता पोशाक बिदा औषधिउपचार आदी ) पेशागत विकास पर्दछन । शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपुर्ति माग प्रतिशत निर्धारण दरखास्त आव्हान तथा संकलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित मौखिक प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।यसका अतिरिक्त का स मू जिम्मेवारी वृत्तिविकास सरुवा बढुवा आदि गरिने गर्दछ । शिक्षकहरूको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन् । व्यवस्थापनकै क्रममा शिक्षक सेवामा केही सवालहरू पनि उठेका छन् । जस्तै १ समावेशीकरण की योग्यता मुलक शिक्षक सेवा र सुशासन शिक्ष सेवा र संघीय शासन प्रणालीको अन्त्य गरी संवैधानिक प्रावधान अनुकूल विद्युतीय सेवा प्रवाह र विश्वव्यापिकरण globalization विविधता व्यवस्थापन समतामूलक (समानतामूलक न्याय वितरणकारी पुनर्वितरण कारी न्याय जस्ता विषयवस्तुहरू अहिले उठेका सवालहरू हुन् ।

भनिन्छ जस्तो माटो त्यस्तै कमिला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेर शिक्षक नै हुन् ।भनाइ छ एउटा खराव डाक्टर एउटा बिरामीका लागि घातक हुन्छ भने एउटा अयोग्य शिक्षिक लाखौं बालबालिकाको लागि घातक हुन्छ ।शिक्षा नीति ऐन नियम योजनामा सरोकारवालाहरूलाई अनदेखा गर्यो भने त्यो कागजको रुप मात्र हुन्छ । फल दिँदैन। तसर्थ शिक्षक व्यवस्थापन महत्वपूर्ण हुन्छ । योग्य सक्षम कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रवाह् गर्न सक्छ । शिक्षणलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालिसँग परिचित हुन तालिम चाहिन्छ ।शिक्षकको व्यावसायिकता बढोत्तरी को लागि सिकारुको सर्वोच्चता सुनिश्चितताको लागि तालिम चाहिन्छ। शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासका सेवा प्रवाह सुशासन समृद्धि रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रको समग्र ज्ञानेन्द्रीय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार सिकारु र शिक्षक बीचको सम्बन्धनै शिक्षक व्यवस्थापन तथा तालिम नै हो ।बदलिदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यावसायिक रूपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाई प्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइ मा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षकसहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षक लाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पुरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ । यस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका छन् । प्राज्ञिक योग्यता बीएड वा एमएड प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । नेपाल सरकारको अवधिक योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमता को मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ । विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धि विशेष अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ परिवर्तित कक्षा ११र १२को पाठ्यक्रममा संकाय गत संरचना नभएकाले अब कक्षा १२उत्तीर्ण गरी शिक्षिक हुनेका लागि निश्चित समयको कोर्सव्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दिर्घकालिन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइआएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकार बाट भइरहेको छ । शिक्षकको क्षमता अभिबृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालीम केन्द्रहरूबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनुपर्ने हो । सो कार्य गर्न सकिएको छैन । सरकार र विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । सेवा शर्त र सुविधा फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम कागजमा मात्र सीमित छ ।

## (क) शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै सोझै प्रवेश गराउन सकिने गरी सङ्घको सरकारले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गराउन आवश्यक देखिएको छ । शिक्षकहरूको पदपुर्ति हालसम्म संघीय शिक्षक सेवा आयोगबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेशी स्तरसम्म विस्तार गर्न आवश्यक छ ।

## (ख) शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ ।१५औं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भसामग्री स्रोत सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ। यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधि का साथै सक्रिय सिकाइकातरिकाहरूको प्रयोगमा जोड दिएको पाइन्छ यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति

परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लि शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् ।कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्चगतिको इन्टरनेट सुविधाको कमी स्रोतको कमी विषयगत, दक्ष, योग्य, उत्प्रेरित, शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, कार्य वातावरण कमी, आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

## (ग) शिक्षकको उत्तरदायित्व

शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिबेदन गर्नुपर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्यांकन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यपकलाईपेश गर्ने।

पन्ध्रौं योजनाले शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठनपाठन सँग आबद्ध गर्दै शिक्षकहरूलाई पेशा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति-२०७६अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परीणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ । विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो । विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्त पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपछि लामो समयसम्म पदपुर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाईबाट लामोसमयसम्म बञ्चित हुनुपरेको अवस्था समेत छ । सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सहर र सदरमुकामहरूमा थुप्रै अवस्था रहेको छ जुन सामाजिक न्यायको सिद्धान्त विपरीत देखिन्छ यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन कठिन बनाएको छ ।

## (घ ) शिक्षकको पेसागत सहयोग पद्धति

शिक्षक पेशागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल मेन्टोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ सञ्चालन conference सहपाठी संगको अन्तरक्रिया प्रतिबिम्बन अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसैगरी विद्यालय सुपरिवेक्षण बाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक माध्यमिक विद्यालय निरीक्षकहरू को व्यवस्था गरिएको थियो ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेसागत

सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । शिक्षक पेशागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ । यसलाई हटाउने स्थानीयस्तरमा शिक्षामा शाखा अर्थात शाखा रहेका छन् स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दापनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ विद्यालय निरीक्षण तथा सुपरिवेक्षण को कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्युन रुपमा भएको पाइन्छ । समग्रमा भन्नुपर्दा शिक्षक सहायताको कार्यक्रम शून्यप्रायः छ ।

## (ङ) शिक्षक क्षमता विकास कार्यक्रम

समयअनुसार शिक्षकहरूका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक छ । यसको विकासका अवसरहरू उपलब्ध हुनु आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तरिकाहरू छन् ।शिक्षक तालिम कार्यशाला seminar conference क्रियात्मक अनुसंधान शिक्षकहरूको सिकाइ सञ्जाल अवलोकन भ्रमण mentoring कार्यशाला सेमिनार आदि । शिक्षकको पेसागत विकास यिनै कार्यहरू बाट सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने धेरै योजना तथा कार्यक्रमहरू सञ्चालनमा भए। विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरू २९वटा र अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक परदेशमा एक-एक गरी जम्मा ७ तालिम केन्द्रहरू मात्र रही अन्य संरचनाहरू हटेका छन् । शिक्षक पेशागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने प्रारूप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेशागत विकासका लागि सातवटा परदेशी स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा offline विधिबाट एकमहिने प्रमाणीकरण शिक्षक तालिम र customize शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले उल्लेख गरेका छन् ।

## (च) शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ ।यसलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट मुक्त भएका शिक्षकहरूको तथा विद्यालयको निजी स्रोतमा नियुक्त शिक्षकहरूको पनि रहेका छन् जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ । मुलुक संघीय संरचनामा गरेसँगै शिक्षक नियुक्ति सरुवा कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन् ।

## ४.२.३ प्रमुख समस्या तथा चुनौतिहरू

माथि उल्लेखित विश्लेषणका आधारमा यस नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन

- **समस्या**

१. शिक्षकमा उत्प्रेरणाको कमी,
२. उत्तरदायित्व र जवाफदेहितामा कमी दण्डहिनताले प्रश्रय पाउनु,
३. कक्षागत र विषयगत शिक्षक अभाव,
४. आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव,
५. शिक्षक नियुक्ति सरुवा बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु,
६. शिक्षक व्यवस्थापनको जिम्मेवारी कसको ?( स्थानीय सरकार, प्रदेश वा संघीय सरकार),
७. शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्नु नसकिनु,
८. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्स व्यवस्था नहुनु,

- चुनौतिहरू

१. शिक्षकको मनोबृत्तिमा परिवर्तन गर्नु ( घरपायक मात्र खोज्ने जिम्मेवारी बोध कम),
२. विपत र सङ्कटपूर्ण अबस्थामा शिक्षण सिकाइ सञ्चालन गर्ने,
३. पाठ्यक्रमले निर्धारिण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्ने,
४. पेशागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु,
५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,

### ४.२.४ उद्देश्य

उपर्युक्त समीक्षा तथासमस्या तथा चुनौतिहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु
२. शिक्षकको छनौट नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु
३. सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु ।
४. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु
५. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
६. सुपरिवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु
७. शिक्षाकको निरन्तर पेशागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्न
८. शिक्षक पेशागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु,
९. आवश्यक प्रोत्साहन, सिकाइ आदान प्रदान कार्यक्रम, निरन्तर पेशागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,

## ४.२.५ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

### ४.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने

**प्रमुख नतिजा**

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
३. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
४. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
५. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान÷पुनर्वितरण हुने
८. शिक्षकको आपूर्ति नियमित रूपमा हुने
९. शिक्षकको वृत्तिविकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

### ४.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| अस्थायी, राहत, अनुदान तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | २ | ० | १ | ० | ० | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | ७३ | १ | ० | ० | ० | ० | |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने (वार्षिक एक पटक कोचिङ कक्षा) | पटक | १५ | ५ | ५ | ५ | ५ | ५ | |
| उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| परीक्षाको नतिजा विश्लेषण (वार्षिक ) | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास (वार्षिक एक पटक) | पटक | २ | १ | ० | १ | ० | ० | |
| शिक्षक पेसागत सहयोग तालिम (गणित, विज्ञान, भाषा, कम्प्युटर) | पटक | ३ | १ | ० | १ | ० | १ | |
| असल अभ्यासको अवलोकन भ्रमण (घुम्ती बैठक) | पटक | १० | २ | २ | २ | २ | २ | |
| विज्ञ समूहको गठन र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक १ पटक |
| सहपाठी कक्षा अवलोकन (प्रत्येक विद्यालयमा वार्षिक २ पटक) | पटक | १० | २ | २ | २ | २ | २ | सबै विद्यालयमा |
| सामुदायिक विद्यालयका प्र.अ र लेखापालका लागि छोटो अवधिको क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |
| विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक १ पटक |
| कार्यसम्पादन मूल्याङ्कन (वार्षिक १ पटक) अस्थायी, करार र अनुदान शिक्षकको समेत | पटक | ५ | १ | १ | १ | १ | १ | |
| शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण (वार्षिक) | पटक | ५ | १ | १ | १ | १ | १ | |
| प्र.अ बैठकमा विद्यालय शिक्षण क्रियाकलापका सम्बन्धमा नियमित छलफल तथा सिकाइ अदान प्रदान | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | मासिक १ पटक |
| माध्यमिक तहमा स्विकृत, राहत | बार्षिक | ५ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तथा अनुदान शिक्षक ब्यवस्थापन | | | | | | | | |
| अधारभूत तहमा स्विकृत, राहत तथा अनुदान शिक्षक ब्यवस्थापन | बार्षिक | ५ | १ | १ | १ | १ | १ | |
| शिक्षक कल्याणकारी कोष स्थापना र कार्यान्वयन | पटक | १० | २ | २ | २ | २ | २ | |
| शिक्षक शैक्षिक डायरीको ब्यवस्थापन र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| पूर्व प्राथमिक तहका शिक्षकहरूका लागि क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण
### ४.३.१ परिचय

विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बीच गरिने असमान व्यवहार नै शैक्षिक समताहो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । लुम्बिनी साँस्कृतिक नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ । विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस नगरपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठिन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकामा ३२ वटा सामुदायिक विद्यालय, ३० वटा संस्थागत विद्यालय मदरसा ३७ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी सामुदायिक ८२ वटा बालविकास केन्द्रहरू रहेका छन् EMIS रिपोर्ट २०८१ बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी १९० जना अपाङ्गता भएका बालबालिकाको

विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस नगरपालिकामा विद्यार्थी कुल भर्नामा दलितको संख्या ४६७७ रहेको छ भने जनजातिको संख्या १२६६७ रहेको छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन ।

## ४.३.३ .समस्या तथा चुनौतिहरू

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको बर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्:-

१ अपाङ्गता भएका  बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।
२ विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
३ बिद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
५ समाजमा अझैपनि विभेद, दुर्व्यवहार, हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।
६ समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

## ४.३.४ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
३. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने ।
४. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइआदिलाई न्यूनीकरण गर्ने ।

## ४.३.५ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी  बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।

५. समावेशी तथा समतामूलक पहुँचकोसुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।
८. विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।
९. प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपमाले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**ख) नतिजा**

१. नगरपालिकाका सेवा क्षेत्र भित्रका अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

३. लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एवं प्रोत्साहन प्राप्त गरेको हुने ।

४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

### ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्यांक संकलन र विश्लेषण | पटक | २ | ० | १ | ० | ० | १ | |
| लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | जना | ५१२१ | ५१३० | ५१८१ | ५२३३ | ५२८५ | ५३३८ | |
| सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | |
| जटिल रोग लागेका विद्यार्थीलाइ छात्रवृत्ति | जना | २५० | ५० | ५० | ५० | ५० | ५० | |
| शैक्षिक सामग्री, पोशाक तथा न्यानो कपडा वितरण | जना | ५०० | १०० | १०० | १०० | १०० | १०० | |
| अपांगता भएका बालबालिकालाइ शिक्षण सिकाइमा थप सहयोग सामग्री | जना | २०० | ० | ५० | ५० | ५० | ५० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पाेषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी

सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

### ४.४.२ वर्तमान अवस्था :

लुम्बिनी साँस्कृतिक नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय विद्यालयमा कार्यान्वियन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन।

यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । लुम्बिनी साँस्कृतिक नगरपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

### ४.४.३ समस्या तथा चुनौतीहरू

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु
२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु ।
३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु ।
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु ।
५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु ।
६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु ।
८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।
९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वयनका लागि नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु ।
१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाइ समावेश गर्न नसकिनु ।

### ४.४.४ उद्देश्य :

लुम्बिनी साँस्कृतिक नगरपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धि उद्देश्यहरू यसप्रकार रहेका छन ।

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.५ रणनीति :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि :**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजाः**

१. प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका हुनेछन् ।
२. सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन् ।
३. सबै विद्यालयमा वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था भएको हुनेछ ।
४. सबै विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ ।
५. माध्यमिक तहका विद्यालयमा नर्सिङ् सेवा तथा सुविधा पुगेको हुनेछ ।
६. हरित विद्यालय कार्यढाँचा योजनालाइ प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ ।
७. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ ।
८. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ ।

### ४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ४० | ० | १० | १० | १० | १० | |
| स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | जना | १५४६२ | १५४७९ | १५६३४ | १५७९० | १५९४८ | १६१०८ | |
| विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | जना | ३६८८ | ३७६२ | ३८३७ | ३९१४ | ३९९२ | ४०७२ | |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड, एच.पी.भी खोप आदि प्रदान) | | | | | | | | |
| विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ६९ | ० | ० | ० | ० | ६९ | |
| विद्यालयगत रूपमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण र कार्यान्वयन | विद्यालय | ६९ | ० | ६९ | ० | ० | ० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ । यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन । नेपालमा प्रकाेप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक

एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाई केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराई का कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वियन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वियनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ।

### ४.५.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । लुम्बिनी साँस्कृतिक नगरपालिकामा धेरै विद्यालयहरू बाढी आगलागी चट्याङ जस्ता प्रकोपको जोखिममा छन् । र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । लुम्बिनी साँस्कृतिक नगरपालिकाले विपदको समयमा किशोरी गर्भवती महिला सुत्केरी अपाङ्गता भएका व्यक्ति शिशु बालबालिका वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वियन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनस्थापन र पुननिर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवं विपद सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ। विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र

कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ। विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन ।

लुम्बिनी साँस्कृतिक नगरपालिकामा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन्। यीमध्ये केहि प्रमुख प्रयासहरू निम्नलिखित छन्:

१. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ।
२. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।
३. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन्।
४. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन्।
५. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ।
६. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ।

यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
११. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**नतिजा**

१. बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या
२. हरित विद्यालय सङ्ख्या
३. जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | १ | | | | |
| स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | २ | | १ | | १ | | |
| विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | २ | | १ | | | १ | |
| शिक्षक तथा वि.व्य.स र शि.अ.सं लाइ विपद् ब्यवस्थापन तालिम | पटक | २ | | १ | | १ | | |
| विपद् प्रतिरोधी विद्यालय सङ्ख्या | सङ्ख्या | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| विद्यालय विपद उत्थानशील योजना | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| सबै विद्यालयहरूमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण गर्ने | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | |
| विद्यालयमा आधारित विपद् पूर्वतयारी अवस्थाको अभ्यास गर्ने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिकालाई शिक्षा दिने र नैतिकता सिकाउने थलो हो- विद्यालय । तर, तिनै विद्यालयहरूको भौतिक संरचना कमजोर हुँदा पठनपाठन मात्र प्रभावित हुने गरेको छैन, शिक्षक र विद्यार्थीमा त्राससमेत हुने गरेको छ । कमजोर भौतिक संरचनाकै कारण भूकम्पलगायतका विपत्ति आउँदा क्षतिसमेत धेरै हुने गरेको छ । सरकारले देशभरका करिब १५ हजार विद्यालयका भवन कमजोर रहेको तथ्यांक नै सङ्कलन गरेको छ । शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयका पूर्वाधारमा एकरूपता कायम गर्न र शिक्षण सिकाई मैत्री बनाउन पहिलो पटक विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड जारी गरेको छ । विज्ञहरूले भने भूकम्प प्रतिरोधी

विद्यालय भवन बनाउन जोड दिएका छन् । शिक्षा मन्त्रालयका अनुसार देशभर २८ हजार सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म करिब ५५ लाख विद्यार्थी पढ्छन् । तर यी सबै विद्यालयका भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी छैनन् । कतिपय विद्यालय त जीर्ण भवन र टहरामा सञ्चालित छन् । यस्तो अवस्था अन्त्य गरी विद्यालय भवनका संरचनामा एकरूपता कायम गर्न शिक्षा मन्त्रालयले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नै जारी गरेको छ । मापदण्डमा विद्यालयको कक्षाकोठाको आकार प्रतिविद्यार्थी न्यूनतम १ वर्ग मिटरको हुनुपर्ने र कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठूलो बनाउन नपाइने उल्लेख छ । भौतिक संरचनालाई शिक्षण सिकाई मैत्री बनाउन राष्ट्रिय मापदण्ड बनाइएको हो ।
देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन् । शिक्षा मन्त्रालयले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ । त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने छ । त्यसैगरी कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले विद्यार्थीको शिक्षण सिकाइमा समेत सकारात्मक परिवर्तन आउने शिक्षक तथा अभिभावकको बुझाई छ । सरकारले विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड बनाउँदा भूकम्प प्रतिरोधी भवन बनाउनुपर्ने भनेको छ । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा पर्ने भएकाले यस्तो मापदण्डलाई विज्ञहरूले पनि सकारात्मक भनेका छन् ।

### ४.६.२ वर्तमान अवस्था

बिद्यालय को भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन नगरपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ |

### ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गर्ने
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**नतिजा**

१. भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण भएको हुने
२. नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या
३. सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या
४. नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या
५. बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| अपाङ्ता मैत्री संरचना सहितको विद्यालय भवन निर्माण | सङ्ख्या | ३१ | ६ | ६ | ६ | ७ | ६ | |
| विद्यालयको सबलीकरण | सङ्ख्या | १० | २ | २ | २ | २ | २ | |
| विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ३५ | ६ | ६ | ६ | ७ | ६ | |
| छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २५ | ६ | ६ | ६ | ७ | ६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय सङ्ख्या | ३५ | ७ | ७ | ७ | ७ | ७ | |

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**

# ४.७.१ परिचय

नेपालको संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रामक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि संविधानको धारा ५१को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । शिक्षाको अवस्था यही नै रहेमा यो संवैधानिक व्यवस्था अनुरूप हाम्रो देशले खोजेको जनशक्ति प्राप्त हुने कुरा क्षितिजको यात्रा जस्तै हुने देखिन्छ । शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहूँच पुर्याउने  नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ ।लुम्बिनी साँस्कृतिक नगरपालिकामा सूचना प्रविधिको माध्यमबाट अध्यापन कार्य सञ्चालन भएका छैनन । कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफरेडियो .एम., टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम् भूमिका हुने कुरामा कुनै शंका छैन होला । वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ को दफा १२ देखि दफा २० सम्म व्याख्या गरिएका निकायबाट आफ्नो भूमिकानिर्वाह गरी यस सिकाइलाई व्यवहारपरक र विद्यार्थीको पहुँचमा हुने गरी वैकल्पिक सिकाइ नभएको पाइन्छ । सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तीकरण गर्न धेरै चुनौतिहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सञ्चाइलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिँड्ने बाटो र

विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान र साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो । लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत रहेका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्नु पर्ने देखिन्छ ।

## ४.७.२ वर्तमान अवस्था

लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षामा सूचना प्रविधिको शुरूवात गर्न अति अवश्यक रहेता पनि धैरै समस्या र चुनौति समेत रहेका छन् । वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन् । इन्टरनेट सुविधाको अभावसबै , ,डाटहरूको व्यवस्थापनमा कठिनाइ भएको ,विद्यार्थीसँग स्मार्ट मोवाइल नभएको विद्यार्थी शिक्षक अभिभावक मोवाइल सञ्चालन गर्ने सिपको अभाव ,मोवाइल र रेडियो समेत नभएको ,CUG सेवा सहज उपलब्ध हुन नसकेकोसबै विद्यार्थीहरूलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ । कुनै विद्यालयहरूमा , विद्धतको समेत अभाव भएकोले चुनौति थपिएको छ

लुम्बिनी साँस्कृतिक नगरपालिकाभित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन्

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
४. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु

सिकाइलाई सूचना प्रविधिसँग जोड्न तथा कोभिड–१९ जस्तै अन्यमाहामारीमा समेत सूचना प्रविधिलाई प्रयोग गरी पठनपाठन र सिकाइलाई निरन्तरता दिन सकिन्छ । विद्यालयतहमा सूचना र प्रविधिको प्रयोगलाई सुनिश्चतता गर्न निम्न उपायहरू अवलम्बन हुन सकेमा यो समस्याको निदानमा केही सकरात्मक परिर्वतन आउन सक्छ ।

**४.७.३ उद्देश्य**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

**४.७.४ रणनीति**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायतता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने

६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने

ख) नतिजा

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुच हुने
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
४. अनुगमन मूल्याङ्कन, सपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने
८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ६९ | ० | १७ | १७ | १७ | १८ | मदरसा समेत |
| विद्यालयमा इन्टरनेट जडान तथा ब्यवस्थापन | विद्यालय | ६९ | १४ | १४ | १४ | १४ | १३ | मदरसा समेत |
| शिक्षक तथा कर्मचारीहरूलाई ICT तथा EMIS ब्यवस्थापन तालिम | पटक | ३ | १ | ० | १ | ० | १ | मदरसा समेत |
| डिजिटल शैक्षिक सामग्री निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | मदरसा समेत |
| पाठ्यक्रम, पा.पु सन्दर्भ सामाग्री डिजिटलरूपमा उपलब्ध गराउने | पटक | ५ | १ | १ | १ | १ | १ | मदरसा समेत |
| IEMIS ब्यवस्थित गर्ने | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | मदरसा समेत |
| माध्यमिक विद्यालयमा ई-लाईब्रेरीको विस्तार | विद्यालय | १० | २ | २ | २ | २ | २ | मदरसा समेत |

## परिच्छेद ५

### अन्य उपक्षेत्रहरू

### ५.१ बुद्ध र बौद्ध शिक्षा

### ५.१.१ परिचय

गौतम बुद्धको जन्म ई.पू. ५६३ मा नेपालको लुम्बिनीमा शाक्य वंशमा भएको हो। उहाँको बाल्यकालको नाम सिद्धार्थ गौतम थियो। राजसी सुख–सुविधामा हुर्किए पनि मानव जीवनको दुःख, रोग, वृद्धावस्था र मृत्युलाई देखेर उहाँले सत्यको खोजी गर्न राजमहल त्याग्नुभयो। वर्षौंको तपस्या र ध्यानपछि बोधगयामा ज्ञान प्राप्त गरेपछि उहाँ "बुद्ध" अर्थात् जाग्रत व्यक्ति बन्नुभयो। त्यसपछि बुद्धले जीवन, दुःख र मोक्षका बारेमा शिक्षाहरू दिन थाल्नुभयो।

बौद्ध धर्मको मूल शिक्षाहरू "चार आर्य सत्य" र "अष्टाङ्गिक मार्ग" मा आधारित छन्। चार आर्य सत्यअनुसार (१) जीवन दुःखमय छ, (२) दुःखको कारण तृष्णा हो, (३) तृष्णाको अन्त्यले दुःखको अन्त्य हुन्छ, र (४) दुःख अन्त्यको लागि अष्टाङ्गिक मार्ग अवलम्बन गर्नुपर्छ। अष्टाङ्गिक मार्गले सम्यक दृष्टि, संकल्प, वाणी, कर्म, आजीविका, प्रयास, स्मृति र समाधिको अभ्यास गर्न सल्लाह दिन्छ।

बुद्धको शिक्षा करुणा, अहिंसा, मध्यम मार्ग र आत्मज्ञानमा आधारित छ। बौद्ध धर्मले स्रष्टा परमेश्वरको पूजा गर्दैन, जातीय भेदभाव नमान्ने र व्यवहारिक जीवन सुधारमा जोड दिने धर्म हो। यसले आत्मअनुशासन, नैतिकता र ध्यानमार्फत् मुक्ति प्राप्त गर्न प्रेरित गर्छ। बुद्ध र उहाँका शिक्षाले आजसम्म पनि विश्वभर लाखौं मानिसलाई शान्ति, सदाचार र सत्यतर्फ डोर्याइरहेको छ। बौद्ध शिक्षा सामान्य जीवनको लागि पनि अत्यन्त उपयोगी र व्यावहारिक छ। यसले मानिसलाई शान्त, अनुशासित र दयालु बनाउँछ। बुद्धले सधैं मध्यम मार्ग (न धेरै सुखमा लिप्त, न धेरै कठोर जीवन) अपनाउन भनेका छन्, जुन कुरा आजको दैनन्दिन जीवनमा सन्तुलन कायम राख्न सहयोगी हुन्छ। बौद्ध शिक्षाले क्रोध, लोभ, मोहजस्ता नकारात्मक भावना घटाएर आत्म-संयम र सकारात्मक सोच विकास गर्न मद्दत पुऱ्याउँछ। यसले व्यक्ति र समाजबीच मेलमिलाप, सहिष्णुता र करुणाको भावना बढाउँछ। त्यसैले हल्को (साधारण) अवस्थामा पनि बौद्ध शिक्षा जीवन सुधारको लागि महत्त्वपूर्ण आधार बन्न सक्छ।

### ५.१.२ वर्तमान अवस्था

लुम्बिनी सांस्कृतिक नगरपालिका, जहाँ शान्तिका अग्रदूत गौतम बुद्ध जन्मनुभएको थियो, त्यसैले यहाँ बुद्ध ज्ञान र बौद्ध शिक्षाको विशेष ऐतिहासिक, सांस्कृतिक र नैतिक महत्त्व छ। सामान्य सन्दर्भमा हेर्दा, यी शिक्षाहरूले यहाँका बासिन्दाहरूको दैनिक जीवनमा शान्ति, सहिष्णुता, संयम र सदाचारको भावना विकास गर्न सहयोग पुऱ्याइरहेका छन्। विद्यालय, गुम्बा, सामुदायिक कार्यक्रम तथा युवामार्फत् बौद्ध दर्शन र मूल्यहरू फैलाउने प्रयासहरू भइरहेका छन्।

विशेषगरी, विद्यालयस्तरमा बुद्ध शिक्षा र ध्यान कार्यक्रम, गुम्बा तथा ध्यान केन्द्रहरूमा ध्यान अभ्यास, र स्थानीय पर्व–अनुष्ठानहरूले बुद्धको शिक्षालाई जनजीवनसँग जोड्ने काम गरिरहेका छन्। यस्ता प्रयासले सामाजिक सद्भाव बढाउने, हिंसा घटाउने, र बालबालिकामा मूल्य–मान्यताका आधार तयार पार्न भूमिका खेलेका छन्।

तर, अझै पनि बौद्ध शिक्षाको प्रभावकारी प्रयोगका लागि स्थानीय पाठ्यक्रममा यसका तत्वहरू समावेश गर्ने, युवालाई सक्रिय संलग्न गराउने, र अन्तर्राष्ट्रिय शान्ति पर्यटनसँग जोडेर स्थानीय बासिन्दामा चेतना अभिवृद्धि गर्ने आवश्यक छ। लुम्बिनीको सांस्कृतिक सम्पदा र बुद्ध शिक्षाको गहिरो सम्बन्धलाई सामान्य जनजीवनमा आत्मसात् गर्न सक्ने अभ्यास र चेतनाको खाँचो अझै बाँकी छ। अतः बुद्धको ज्ञान र बौद्ध शिक्षालाई स्थानीय सन्दर्भमा सजीव बनाउने प्रयास निरन्तर आवश्यक छ।

### ५.१.३ समस्या र चुनौती

लुम्बिनी जस्तो ऐतिहासिक र सांस्कृतिक नगरपालिकामा बुद्ध र बौद्ध शिक्षाको प्रभावकारी प्रचारप्रसार र विद्यालय तहमा कार्यान्वयन गर्न नीति, जनशक्ति, स्रोत, समन्वय र चेतनाको समग्र सुधार आवश्यक छ । लुम्बिनी सांस्कृतिक नगरपालिकामा बुद्ध र बौद्ध शिक्षा विद्यालय तहमा लागू गर्न तथा प्रचारप्रसारमा देखिएका मुख्य समस्या र चुनौतीहरू यस प्रकार रहेका छन ।

१. विद्यालय पाठ्यक्रममा बुद्धको जीवन र बौद्ध शिक्षाको कुनै पनि प्रावधान उल्लेख नभएको र बौद्ध दर्शनको गहिरो बुझाइ र व्यवहारिक पक्षलाई सिकाउने सामग्रीको अभाव छ।

२. शिक्षकहरूलाई बौद्ध शिक्षा र दर्शनबारे पर्याप्त ज्ञान छैन, जसले गर्दा सिकाइको गुणस्तर प्रभावित हुने ।

३.शिक्षकहरूलाई यस सम्बन्धी विशेष तालिम वा अभिमुखीकरण प्रदान नगरिएको ।

४. विद्यालयहरूमा बुद्ध र बौद्ध शिक्षासम्बन्धी चित्र, किताब, श्रव्यदृश्य सामग्री जस्ता शैक्षिक स्रोतहरू अपर्याप्त छन्, जसले बालबालिकामा रुचि र बुझाइ बढाउन कठिन हुने ।

५. लुम्बिनीको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वलाई विद्यालय शिक्षासँग जोड्ने प्रयास न्यून छ। क्षेत्रका स्तुप, गुम्बा, संग्रहालय आदिसँग शैक्षिक भ्रमण र व्यवहारिक शिक्षाको समन्वय नगन्य छ।

६. आजको पुस्तामा बौद्ध शिक्षा भन्दा पनि आधुनिक प्रविधि र पाश्चात्य संस्कृतिको प्रभाव बढी देखिन्छ। बुद्धको शान्ति, करुणा र नैतिकताको शिक्षाप्रति युवाहरूको आकर्षण घट्दो छ।

७. बुद्ध र बौद्ध शिक्षाको प्रचारका लागि सामाजिक सञ्जाल, रेडियो, स्थानीय मिडिया आदि प्रभावकारी रूपमा प्रयोग नभएको ।**लक्ष्य**

विद्यालय तहमा बुद्धको जीवन दर्शन र बौद्ध शिक्षाको समावेशीकरण गरी नैतिक मूल्य, शान्ति र सांस्कृतिक चेतनायुक्त शिक्षालाई प्रवर्द्धन गर्नु ।

### ५.१.४ उद्धेश्यहरू

१। स्थानीय पाठ्यक्रममा बुद्धको जीवन दर्शन र बौद्ध शिक्षाका सान्दर्भिक तत्वहरू समावेश गरी नैतिक र मूल्यपरक शिक्षा प्रवर्द्धन गर्नु।
२। शिक्षकहरूलाई बौद्ध दर्शन सम्बन्धी तालिम र आवश्यक शैक्षिक स्रोतहरू उपलब्ध गराई सिकाइको गुणस्तर सुधार गर्नु।
३। लुम्बिनीको सांस्कृतिक र ऐतिहासिक सम्पदालाई विद्यालय शिक्षासँग जोड्दै बौद्ध शिक्षाको प्रचारप्रसार र विद्यार्थीमा सांस्कृतिक चेतना अभिवृद्धि गर्नु।

### ५.१.५ रणनीतिहरु

१। स्थानीय पाठ्यक्रममा बुद्धको जीवन, चार आर्य सत्य, अष्टाङ्गिक मार्ग, करुणा, अहिंसा, मध्यम मार्ग आदि विषय समावेश गर्ने।
२। स्थानीय सन्दर्भअनुसार पाठ्यपुस्तक, गतिविधिमूलक सिकाइ सामग्री, चित्र, भिडियो, पोस्टर आदिको विकास गर्ने।
३। शिक्षकहरूलाई बौद्ध दर्शन, नैतिक शिक्षा र स्थानिय सम्पदाबारे अभिमुखीकरण तालिम प्रदान गर्ने।
४। शिक्षक विद्यार्थीहरूलाइ स्तुप,गुम्बा,संग्रहालय, ध्यान केन्द्रहरूमा शैक्षिक भ्रमण, अध्ययन भ्रमण र स्थानीय विद्वानहरूसँग अन्तरक्रिया गराउने ।
५। विदाको सन्दर्भमा विद्यार्थीहरूलाई स्थानीय गाइड, स्वयंसेवक वा सांस्कृतिक अभियानकर्ता बनाउने अभ्यास सुरु गर्ने।
६। स्थानीय तहको वार्षिक योजना र बजेट तथा विद्यालयको वार्षिक योजनामा बौद्ध शिक्षा प्रवर्द्धनसम्बन्धी कार्यक्रमलाई समावेश गराउने।
७। बुद्ध शिक्षासम्बन्धी सन्देश रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, पोस्टर, नाटक, कविता, प्रतियोगिता आदिमार्फत प्रचार गर्ने।
८। विद्यार्थीहरूलाई लेखन, चित्रांकन, वक्तृत्वकला, निबन्ध आदि माध्यमबाट बौद्ध शिक्षा प्रस्तुत गर्न प्रोत्साहन गर्ने।

### ५.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालय तहमा बौद्ध शिक्षा समावेशसँगै लुम्बिनी क्षेत्रको सांस्कृतिक पहिचान र शान्तिको सन्देश व्यवहारिक शिक्षामार्फत विद्यार्थी र समुदायमा जगेर्ना हुने ।

**ख) नतिजाः**

१. करुणा, सहिष्णुता, शान्ति, अहिंसा जस्ता मूल्य विद्यार्थीको व्यवहारमा देखिन थाल्ने।
२. बालबालिकाले लुम्बिनीको ऐतिहासिक र बौद्धिक महत्त्व बुझ्ने र सम्मान गर्ने भावना विकास हुने।

३. शिक्षकहरू बौद्ध दर्शन र सांस्कृतिक शिक्षामा दक्ष बन्ने। तालिम र स्रोतहरूको माध्यमबाट शिक्षकको शिक्षण प्रभावकारिता बढ्ने।
४. समुदाय, गुम्बा, अभिभावक, नगरपालिका मिलेर बौद्ध शिक्षालाई व्यवहारमा उतार्न सक्रिय हुने।

५. शान्ति, सद्भाव र संस्कृतिमा आधारित शिक्षाले नगरपालिकालाई नमुना क्षेत्रका रूपमा चिनाउन सहयोग गर्ने।

**५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| स्थानीय पाठ्यक्रममा बौद्ध शिक्षाका महत्वपूर्ण विषयहरू समावेश गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | |
| शिक्षकहरूका लागि बौद्ध दर्शन, नैतिक शिक्षा र ध्यान सम्बन्धी प्रशिक्षण आयोजना गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक सबै विद्यालयमा |
| विद्यालयमा बौद्ध शिक्षासम्बन्धी पुस्तकालय, चित्रपट, पोस्टर, र अनलाइन स्रोतहरू उपलब्ध गराउने। | पटक | ३ | ० | १ | ० | १ | १ | |
| विद्यालयमा ध्यान र योग अभ्यासका लागि उपयुक्त स्थान र उपकरणको व्यवस्था गर्ने। | पटक | ३ | ० | १ | ० | १ | ० | |
| विद्यार्थीहरूलाई लुम्बिनीका गुम्बा, स्तुपा, संग्रहालय र अन्य सांस्कृतिक स्थलमा शैक्षिक भ्रमण गराउने। | पटक | ५ | १ | १ | १ | १ | १ | बार्षिक सबै विद्यालयमा |
| अभिभावक, स्थानीय विद्वान, भिक्षु समुदायलाई शिक्षाका कार्यक्रममा सहभागी गराउने। | आवश्यकता अनुसार | | | | | | | |
| रेडियो, टेलिभिजन, सामाजिक संजाल र स्थानीय मिडियामा बुद्ध र बौद्ध शिक्षा सम्बन्धी कार्यक्रम प्रसारण गर्ने। | पटक | ३ | ० | ० | १ | १ | १ | |
| बौद्ध शिक्षा कार्यान्वयनको नियमित मूल्यांकन गरी सुधारका उपायहरू अपनाउने | पटक | ४ | ० | १ | १ | १ | १ | |

# परिच्छेद ६ :

## सुशासन तथा व्यवस्थापन

### ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वियनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्यतालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७००जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको

व्यवस्था अनुसार २४(घ) १को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुन: परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १०को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

### ६.१.३ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु

२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

**६.१.४ रणनीतिहरू**

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

1. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
2. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
3. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | ० | ३ | ३ | ३ | १ |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | ९ | ९ | ९ | ९ | १३ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | बिद्यालय | ५२ | ५२ | ५२ | ५२ | ५२ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | बिद्यालय | ५२ | ५२ | ५२ | ५२ | ५२ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | बिद्यालय | २ | २ | २ | २ | २ |

**६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| कार्यक्रम | | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | एकाई | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | |
| वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सुचकका अधारमा विद्यालय अनुगमन | पटक | १५० | ३० | ३० | ३० | ३० | ३० | |
| वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ५ | ३ | ३ | ३ | ३ | ३ | वार्षिक ३ पटक |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्विन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ६.२.१ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

**(क) चुनौती**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु |
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु |
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु |
४. सरकारी निकाय, विद्यालय, तथा समुदायबीच समन्वय नहुँदा योजना प्रभावकारी रुपमा अघि बढ्न नसक्नु |
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु |
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु |

**(ख) अवसर**

१. स्थानिय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा, र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ
३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सीपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ |
४. दातृ निकाय, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ।
५. संघीय प्रणालीले स्थानीय आवश्यकताहरूअनुसार योजना बनाउन र कार्यान्वयन गर्ने थप स्वायत्तता र लचकता प्रदान गर्दछ।
६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

**६.२.२ उद्देश्य**

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,
२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास  गर्ने,
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन का नतिजाहरू को विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदान का लागि स्थानीय स्तर मा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
७. नतिजा मा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथाचुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
९. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने,

**६.२.३ रणनीतिहरू**

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्ने अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

**६.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।

३ कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने बिद्यालय सङ्ख्या | विद्यालय | ५ | ५ | ५ | ७ | ८ | |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने बिद्यालय सङ्ख्या | विद्यालय | ५ | ५ | ५ | ७ | ८ | |
| ३ | विभिन्न कार्यक्रमहरू को उपलब्धि तथा प्रभावको आवधिक | पटक | १ | १ | १ | १ | १ | |

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन हुने | | | | | | | |
| ४ | सिकाईहरुको दस्तावेज तयार हुने बिद्यालय सङ्ख्या | पटक | ५ | ५ | ५ | ७ | ८ | |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | सुचकका अधारमा विद्यालय अनुगमन | पटक | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| ७ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | वार्षिक ४ पटक |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद ७

### लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो

# ७.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ

। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट रू. हजारमा | कैफियत |
|---|---|---|---|
| १ | सङ्घीय सरकार | १४८६२६२ | अनुमानित |
| २ | प्रदेश सरकार | ८९८३० | अनुमानित |
| ३ | स्थानीय सरकार | २१७८२९ | अनुमानित |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | ४१३३२ | अनुमानित |
| | **जम्मा** | **१८३५२५३** | अनुमानित |

### ७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

### ७.५ प्रमुख उपलब्धि

**क) उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय, प्रदेश र स्थानीय सरकारका साथै अन्य संङ्घ संस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | अपेक्षित अनुदानको स्रोत र रकम (रकम रू. हजारमा) | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | अन्य सङ्घ संस्था | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६४२७८ | ० | ३६२९१ | ५११२ | १०५६८० |
| २ | आधारभूत शिक्षा | २००६० | ० | ५८३३ | १५९५ | २७४८८ |
| ३ | माध्यमिक शिक्षा | ११०९३ | २००० | ८६७९ | २०८५ | २३८५६ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १६८७३ | १७९०३ | १०४८९० | ११९३ | १४०८५८ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १०८२३३ | २९६९ | १९७२ | १०७९ | ११४२५२ |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | ८०२५७ | | ३४३० | ८२५ | ८४५१२ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ८०५९१२ | ३०० | ५४८३ | ११३९० | ८२३०८५ |
| ८ | शैक्षिक समता र समावेशीकरणा | १००३८ | ० | ३९२५ | २०९२ | १६०५५ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २५२४९६ | ० | १९३७ | ५६० | २५४९९३ |
| १० | विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ३३९६ | २८२ | ३८२ | ४६६ | ४५२६ |
| ११ | विद्यालय भौतिक पूर्वाधार | ८२४०३ | ४९४४२ | २४७२१ | ८२४० | १६४८०६ |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २३१२४ | १६७०५ | ११३८६ | ५६७५ | ५६८९० |
| १३ | बुद्ध र बौद्ध शिक्षा | ० | ० | ४७५ | ९२५ | १४०० |
| १४ | शुसासन र ब्यवस्थापन | ११४५ | २३० | १४६९ | ९७ | २९४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | अनुगमन र मुल्यांकन | ६९५६ | ० | ६९५६ | ० | १३९१२ |
| जम्मा | | १४८६२६२ | ८९८३० | २१७८२९ | ४१३३२ | १८३५२५३ |

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

### ७.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

लुम्बिनी सांस्कृतिक नगरपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५, र ७ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरि क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान रू हजारमा | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १९४९२ | २०९९८ | २१३५८ | २१८२७ | २२००५ | १०५६८१ |
| २ | आधारभूत शिक्षा | ५०३१ | ५५६५ | ५५०५ | ५६९७ | ५६९० | २७४८८ |
| ३ | माध्यमिक शिक्षा | १९५५ | ७१९४ | ३६६४ | ७३३५ | ३७०८ | २३८५६ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३०० | ११०६ | ४६२८ | १०३६५१ | ३११७४ | १४०८५८ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २१७३१ | २२४१६ | २३११० | २३२६६ | २३७२९ | ११४२५२ |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | १६८७२ | १६१८० | १७३४९ | १६८१७ | १७२९३ | ८४५१२ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १५९४३७ | १६०७४३ | १६४५६५ | १६७५४४ | १७०७९५ | ८२३०८४ |
| ८ | शैक्षिक समता र समावेशीकरण | २८०८ | ३२३९ | ३२५१ | ३३१९ | ३४३८ | १६०५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४९४५४ | ५०५४५ | ५११८३ | ५१५२७ | ५२२८४ | २५४९९३ |
| १० | विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ६०० | ११६० | ८२४ | ९८८ | ९५३ | ४५२५ |
| ११ | विद्यालय भौतिक पूर्वाधार | ३१५५० | ३२३३१ | ३२९७८ | ३३६३७ | ३४३१० | १६४८०६ |
